पाठक र ग्राहकको सुविधाको लागि अभियान साप्ताहिक वेवसाइडमा पनि
www.abhiyanweekly.com

# अभियान साप्ताहिक

ABHIYAN WEEKLY
Email: abhiyan.weekly@yahoo.com

वर्ष : ३०  अङ्क : ४१  २०७० जेठ २४ गते  शुक्रबार (June 7, 2013)  मूल्य रू. ७/-

## दश लाख डलर छुट

काठमाडौं । नेपला उद्योग वाणिज्य महासंघ र सीएनआईको माग अनुसार सरकारले थप १० लाख डलरसम्म व्यक्तिगत, कम्पनी अथवा साझेदारीमा विदेशमा लागनी गर्न पाउने नीतिलाई अन्तिम रुप दिएको छ । स्वदेशमा लागानीको वातावरण नभएको, चन्दा तथा कामदार आतंकले वाक्क भएर गोप्य मार्गबाट पूँजी पलायन भइरहेको स्थितिमा सरकारले विदेशमा लागनी गर्ने कानुनी मार्ग खोलिदिने भएको छ । विदेशमा लगानीको ढोका खोलिएपछि नेपालको आतंकमय वातवारणमा लागनी झन् घट्ने र पूँजी पलायन पनि बढ्ने अर्थविद्हरूको आंकलन छ ।

स्वदेशी पूँजी लगेर विदेशमा लगानी गर्न प्रतिबन्ध लगाउने कानुन २०२१ सालदेखि लागु छ । यो कानुनको मूल उद्देश्य भनेको (बाँकी अन्तिम पेजमा)

# पाँच पैसेदेखि प्रचण्डसम्मको चन्दा आतंक

काठमाडौं । नेकपा-माओवादीका पाँच पैसेदेखि एमाओवादीका प्रचण्डसम्मले उद्योगी, व्यापारी, धनी वर्गलाई आतंकित पारेर चन्दा माग गरेपछि नेपाल चेम्बर अफ कमर्श, नेपाल उद्योग वाणिज्य महासंघसम्म आन्दोलित भएक्ा छन् । उनीहरूले मन्त्रिपरिषद् अध्यक्ष खिलराज रेग्मीलाई समेत भेटेर चन्दा आतंकबाट मुक्ति दिलाइदिन गुहार मागेका छन् । पूर्व चेम्बर अध्यक्ष सुरेन्द्रवीर मालाकार र राजेशकाजी श्रेष्ठ भन्छन्, यी कस्ता प्रधानमन्त्री हुन्, जसले प्रष्ट जवाफ नै दिएनन् ।





उद्योगी, व्यवसायीहरू आन्दोलित भएपछि नेकपा-माओवादीदेखि एमाओवादी नेताहरू चन्दा उठाउने संस्थागत नीति नै छैन, व्यक्तिगत रुपमा कसैले चन्दा उठाएका भए थाहा छैन भन्छन् । तर व्यवसायीहरू भन्छन्, करोड त विद्यार्थी नेताहरू नै माग्छन्, प्रचण्डजीका मान्छेहरू अरब चन्दा माग गर्दैछन् । चन्दा यति ठूलो संख्यामा मागेको यो पहिलो पटक हो ।

यसैबीच 'चन्दा आतंक' का सम्बन्धमा कांग्रेस-एमालेको शीर्ष नेतृत्वमै छलफल भएको छ । उनीहरूको निष्कर्ष छ, भए जति चन्दा आफैंले सोहोर्ने र चन्दा दिने हैसियत नै खुस्काइदिएपछि कांग्रेस-एमालेलाई (बाँकी अन्तिम पेजमा)

## भारतीय चेसबोर्डका प्यादा खिलराज

काठमाडौं । गृहसचिव नविन घिमिरे र भारतीय गृहसचिव आरके दुबैबीच भएको काठमाडौं सुरक्षा बैठकमा भारतले नेपाललाई 'अतिवादी र आतंकवादी' मुलुक भएको आरोप मात्र लगाएन, उसको सम्पूर्ण ध्यान पूर्वप्रम डा.बाबुराम भट्टराईले स्वीकार गरिसकेको एरपोर्ट व्यवस्थापन भारतलाई दिनुपर्ने माग अघि सार्‍यो । व्यवस्थापन नदिए पनि अध्यागमन प्रणालीमा भारतले दिएको सुरक्षा प्याकेजमा मन्जुरी गर्न व्यापक दबाब दियो । भारतको सुरक्षा प्रणाली प्याकेज अध्यागमनमा लागू भयो भने नेपालमा भित्रिने, नेपालबाट बाहिरिने र नेपालमा कुन-कुन देशका नागरिक, कुन नागरिकता लिएर कति समय बसिरहेका छन् भन्ने सूचना सिधै दिल्लीसँग लिंकअप हुनेछ । (बाँकी अन्तिम पेजमा)

# त्रिशुली-३ 'ए'मा ८ अर्बको घाटा

अभियान संवाददाता

काठमाडौं । तत्कालिन प्रधानमन्त्री डा.बाबुराम भट्टराई नेतृत्वको सरकारले माथिल्लो त्रिशुली-३ 'ए' जलविद्युत् आयोजनाको क्षमता बढाएर ६० मेगावाटबाट ९० पुर्‍याउने नीतिगत निर्णय गरेकोमा अहिले आएर त्यसलाई विद्युत् प्राधिकरण सञ्चालक समितिले अनुमोदन गरेपछि विद्युत प्राधिकरणका कर्मचारीहरू बाट त्यसको व्यापक विरोध भएको छ ।

तत्कालिन प्रधानमन्त्री एवं उर्जा मन्त्री समेत रहेका डा.भट्टराईले वर्षायाममा मात्र उत्पादन हुने ३० मेगावाट विद्युत् उत्पादन थप उत्पादन गर्न ४ अर्ब रुपैयाँ थप्ने र निर्माण अवधि २ वर्ष थपिदिने नीतिगत निर्णय नै त्रुटिपूर्ण रहेको थियो । वर्षायाममा पानी प्रशस्त पर्ने भएको हुनाले अन्य आयोजनाहरूबाट पर्याप्त मात्रामा विद्युत उत्पादन हुने गरेकोमा वर्षायाममा मात्र ३० मेगावाट विद्युत् उत्पादन थप हुने त्रिशुल-३ ञ्'ए' आयोजनाको नीतिगत निर्णय गर्दा झण्डै २ अर्ब आर्थिक चलखेल भएको कर्मचारी शुत्रको दाबी रहेको छ ।

तत्कालिन उर्जा मन्त्री प्रकाशशरण महतको पालामा त्यही कम्पनीले २ अर्ब रुपैयाँ थपिएको खण्डमा ६० मेगाबाट ३० मेगावाट थपेर ९० मेगावाट विद्युत् उत्पादन गरिदिने कम्पनीले उर्जा मन्त्रालयलाई पत्राचार गरेको उर्जामन्त्रालय शुत्रको दाबी रहेको र त्यसलाई पूर्व उर्जामन्त्री महतले अस्वीकार गरिसकेको अवस्थामा भट्टराई सरकारले ४ अर्ब रुपैयाँ थपेर निर्माण अवधि २ वर्ष थप्न दिने निर्णय नै राष्ट्रघाती थियो । अहिले आएर केही (बाँकी अन्तिम पेजमा)

# निर्वाचन भए रक्तपात हुन्छ : वैद्य

अभियान संवाददाता

काठमाडौं । नेकपा-माओवादीका अध्यक्ष मोहन वैद्यले एकीकृत नेकपा माओवादीका अध्यक्ष पुष्पकमल दाहालले नेपाली कांग्रेस र नेकपा एमालेलाई तर्साउनका लागि मात्र नेकपा-माओवादीसँग एकता हुने बताएको उद्घोष गरेका छन् । अहिलेकै अवस्थामा संविधानसभाको निर्वाचन नुहेन भएको हुनाले आफ्नो पार्टी निर्वाचन आयोगमा दर्ता नभएको खुलासा गर्दै अध्यक्ष वैद्यले नेकपा-माओवादीसहितका ३३ दलले राखेका मागहरू पुरा नभएको अवस्थामा अन्य दलहरूले चाहँदैमा निर्वाचन हुन नसक्ने ठोकुवा समेत गरे ।



नेकपा-माओवादीका अध्यक्ष वैद्यले (बाँकी अन्तिम पेजमा)

## दलहरूको भूमिकाप्रति दातृ निकाय रुष्ट

काठमाडौं । २०६९ फागुन ३० गते कथित ठूला दल भनिएका एकीकृत नेकपा माओवादी, नेपाली कांग्रेस, नेकपा एमाले र मधेशी मोर्चाले ११ बुँदे सहमति गरी त्यही सहमतिका आधारमा खिलराज रेग्मीलाई सरकारको नेतृत्व दिने, संविधानको बाधा अड्काउन धारा १५८ द्वारा संविधानका विभिन्न २५ धारा, उपधारा, दफा, उपदफाहरू संशोधन गरेर रेग्मीको नेतृत्वमा निर्दलीय सरकार गठन गरेको झण्डै ३ महिनाभित्रमा पनि निर्वाचनको मिति तोक्न नसक्नुले चार दल र रेग्मी सरकारको असफलता सडकमा पोखिन थालेको छ । सर्वोच्च आदालतका बहालवाला प्रधानन्यायाधीशलाई सरकारको नेतृत्व दिने (बाँकी अन्तिम पेजमा)

## कमलरी काण्ड : बल्ल जागे अधिकारकर्मी

काठमाडौं । खिलराज रेग्मी सरकारको आदेशमा निहत्था रुपमा धर्नामा बसेका कमलरी महिलाहरूमाथि पुरुष प्रहरी लगाएर लाठी र बुट बर्साएर अमानवीय दलन गर्ने प्रहरी माथि छानविनको नाटक सुरु भएको छ । झण्डै ३ जना मर्ने हालतमा, १० जना गम्भीर घाइते र ५० जना पक्राउ परेर पनि कमलरी सचेतना कमजोर भएन । कमलरीहरू जीवनमरणको विषय बनाएर हक खोजिरहेको स्थितिमा बल्ल अधिकारकर्मी जागेका छन् । डलर नआउने भए पनि कमलरी माथि भएको अत्याचारमा अधिकारकर्मी लाजले पनि बोल्न बाध्य भएका छन् । (बाँकी अन्तिम पेजमा)

# कांग्रेस नै राजिनामाको पक्ष-विपक्षमा

काठमाडौं । पहिला आफैंले सहमति गरेर सर्वोच्च अदालतका वहालवाला प्रधानन्यायाधीश खिलराज रेग्मीलाई निर्दलीय सरकारको नेतृत्व दिन सहमत भएको नेपाली कांग्रेसले पछिल्लो समयमा रेग्मीले प्रधानन्यायाधीशबाट राजिनामा दिनु पर्ने शर्त अगाडि सारेपछि कांग्रेसभित्र विवाद सिर्जना भएको छ ।

कांग्रेस सभापति सुशील कोइरालाले सर्वाजनिक रुपमै रेग्मीले प्रधानन्यायाधीशबाट राजिनामा दिएर निर्वाचनको वातावरण बनाउनु पर्ने उद्घोष गरेपनि वरिष्ठ नेता शेरबहादुर देउवा र उपसभापति रामचन्द्र पौडेलले राजिनामा दिनु नपर्ने उद्घोष गरिरहेको अवस्थामा सभापति निकट मानिएका मनोनित महामन्त्री कृष्णप्रसाद सिटौलाले समेत रेग्मीले प्रधानन्यायाधीशबाट राजिनामा दिनु नपर्ने उद्घोष गरेका छन् । सभापति कोइरालाले नेकपा- (बाँकी अन्तिम पेजमा)





पढ्थ्यौं हामी बसीकन सँगै वेद, बाइबल, नमाज
पसेकेही नरपशुहरू ध्वस्त पारे समाज ।

मर्‍यौ ज्यूँदै त्यो जस्ले बिर्सियो देशको माटो
बाँच्यो त्यो मरेर पनि जस्ले सम्झियो देशको माटो ।

कायर भएर पटक पटक मर्नुभन्दा
बहादुर भएर एकै पटक मर्न सकौं ।
– *अभियानवाणी*

अभियान साप्ताहिक

## सम्पादकीय

## राजनीतिलाई अपराधिकरणबाट मुक्त गरौं

*हत्या गरिएको संविधानसभामा सबैभन्दा ठूलो दल रहेको एकीकृत नेकपा माओवादी  विभाजित भएर बनेको नेकपा–माओवादी नै अहिले निर्वाचनका लागि बाधक भएको जस्तो देखिएता पनि साँचो अर्थमा नेकपा–माओवादी निर्वाचनका लागि बाधक होइन । कथित ठूला दल भनिएका एकीकृत नेकपा माओवादी, कांग्रेस, एमाले र मधेशी मोर्चा नै सही अर्थमा निर्वाचनका लागि बाधक देखिएका छन् ।*

*चार दलले सहमति गरेर वहालवाला प्रधान्यायाधीश खिलराज रेग्मीलाई अन्तरिम चुनावी सरकारको नेतृत्व दिए पनि अहिले आएर तिनै चार दलभित्र विवाद सिर्जना हुनु र रेग्मीलाई सरकारको नेतृत्व दिन २०६९ फागुन ३० गते भएको ११ बुँदे सहमति विपरितका अनेक शर्तहरू तेर्साउनु नै मूल समस्या हो । फागुन ३० गतेको ११ बुँदे सहमतिमा अन्य दलहरूलाई समेत सहभागी गराइएको भए अहिले उठेका विवादहरू केही साम्य हुने थिए । तर चार दलले त्यो प्रयास नै गरेनन् र आफूहरू नै सर्वेसर्वा हौं भन्ने घमण्ड गरेका हुनाले मुलुक थप संकटमा फसेको छ । नेपाली जनताले दुई वर्षको म्यान्डेट दिएर संविधान निर्माण गर्न पठाएका जनताका जनप्रतिनिधिहरूले जनताको म्यान्डेट उल्लंघन गर्दै पटक–पटक संविधानसभाको म्याद थपेर चार वर्षसम्म पुर्‍याए पनि संविधान निर्माण नै नगरी संविधानसभाको हत्या नै गरिदिए । संविधानसभाको हत्या  हुनु र संविधान निर्माण नहुनुको कारण पनि यिनै चार दल हुन् ।*

*वहालवाला प्रधानन्यायाधीश खिलराज रेग्मीलाई प्रधानन्यायाधीशमै कायम राखेर काजमा ल्याएर सरकार प्रमुख बनाउनु नै दलहरूको असफलता र अकर्मण्यता हो । बहुदलीय व्यवस्थामा निर्दलीय सरकार गठन गर्नु भनेको दलहरूको लागि आत्महत्या गर्नु सरह हो । दलीय व्यवस्थामा दलहरूको विकल्प निर्दलीय व्यक्ति वा सरकार हुन सक्दैन । दलहरूबीच न्यूनतम शर्तमा सहमति हुनै पर्दछ । तर हाम्रा राजनीतिक दलहरू भने पार्टीगत स्वार्थमा लागेर व्यक्तिगत महत्वाकांक्षा पुरा गर्ने तर्फ लागेर उनीहरूले राष्ट्रिय स्वार्थलाई भूलेका हुनाले दलहरूबीच सहमति हुन नसकेको सत्य वास्तविकता हो । मुलुकको हितलाई सर्वेसर्वा मानेको खण्डमा दलहरूबीच एक मिनेटमा सहमति हुन सक्छ । राष्ट्रभन्दा पार्टी ठूलो हुन सक्दैन भन्ने हेक्का शीर्ष नेताहरूमा भएमा दलहरू सहमतिमा पुग्न सक्छन् । तर हाम्रा राजनीतिक दलका नेताहरूमा राष्ट्रियहीतभन्दा व्यक्तिगत स्वार्थ र व्यक्तिगत महत्वाकांक्षा हावी भएको हुनाले उनीहरूकै कारण नेपाली जनताले अनाहकमा दुःख कष्ट सहनु परेको छ ।*

*अन्तरिम मन्त्रिपरिषद्का अध्यक्ष खिलराज रेग्मीले चार प्रमुख दलहरूलाई संविधानसभा सदस्य, निर्वाचन ऐन संशोधन अध्यादेश बारे आजसम्ममा सहमति गर्नु अनुरोध गर्दै सहमति गर्न दलहरू असफल भएमा सरकारले नै निर्णय गर्ने जानकारी गराई सकेका छन् । चार दलभित्रै पहिला आफैंले गरेको सहमतिको उल्लंघन गर्ने प्रवृत्तिले गर्दा दलहरूको विश्वसनीयता माथि नै प्रश्न उठ्न थालेको छ । हत्या गरिएको संविधानसभा जम्बो भयो भनेर नेपाली जनताले आक्रोश पोखेका थिए । एकीकृत नेकपा माओवादीका अध्यक्ष पुष्पकमल दाहालले सार्वजनिक रुपमै संविधानसभाको संख्या ठूलो भएको र अब ६०१ को संख्या घटाउनु पर्ने उद्घोष गरिसकेका अवस्थामा अहिले आएर त्यही संख्या हुनु पर्दछ भन्नु निर्वाचन हुन नदिने षड्यन्त्र मात्र हो । फौजदारी अभियोग लागेका व्यक्तिहरूलाई निश्चित समयका लागि मात्र होइन कहिल्यै पनि राजनीतिमा आउन दिनु हुँदैन, राजनीतिलाई अपराधीकरण गर्नबाट वञ्चित गरिनै पर्दछ । जबसम्म राजनीतिलाई अपराधीकरणबाट मुक्त गरिँदैन तबसम्म अपराधिकरण रोक्न नसकिने हुँदा दलहरूले थ्रेस होल्डको व्यवस्था अनिवार्य गर्ने, फौजदारी अभियोग लागेका व्यक्तिलाई राजनीतिबाट टाढै राख्ने र संविधानसभाको सदस्य संख्या घटाउनु पर्ने निर्णय गरेर संविधानसभाको निर्वाचनका लागि मार्ग प्रशस्त गर्न सहमति गर्नु नै मुलुकको हितमा हुन्छ भन्ने हामीले ठानेका छौं ।*

# यसो भए हुन्छ समस्याको समाधान

***देवेन्द्र  चुडाल***

संविधानसभाको दोस्रो निर्वाचनका लागि पहिलो चरणको दल दर्ता सम्बन्धी कार्य समाप्त भएको छ । तर एकीकृत नेकपा माओवादीबाट विभाजित भएर बनेको नेकपा-माओवादी तोकिएको समयमा निर्वाचन आयोगमा दल दर्ता गर्न नगएपछि अनेक प्रकारका शंका उपशंकाहरू जन्मिएका छन् । नेपाली कांग्रेस र नेकपा एमालेको बुझाईमा नेकपा-माओवादी फेरि केही समयपछि एकीकृत नेकपा माओवादीसँग मिल्न सक्छ ? तर नेकपा-माओवादीका अध्यक्ष मोहन वैद्यका अनुसार अहिलेकै अवस्थामा निर्वाचन हुन नसक्ने र बहुदलीय व्यवस्थामा निर्दलीय सरकार गठन गरेको हुनाले आफूहरू निर्वाचन विरोधी नभएपनि सरकार गठनको प्रक्रियामा विरोध जनाउँदै गत फागुन ३० गते भएको चार दलबीचको ११ बुँदे सहमति र त्यही सहमतिको आधारमा संविधानको बाधा अड्काउ धारा १५८ मार्फत् संविधानका विभिन्न २५ वटा बुँदाहरू संशोधन गरिएको हुनाले त्यसको खारेजीको माग गर्दै निर्वाचन आयोगमा दल दर्ता नगरिएको र निर्वाचन जबर्जस्ती गर्न खोजे निर्वाचन नै हुन नदिने अडानमा रहेको प्रष्ट पारेका छन् । स्मरण रहोस् वैद्यले एमाओवादीमै रहँदा समेत संविधानसभाको औचित्य समाप्त भइसकेको भन्दै संविधानसभाको सदस्यबाट राजिनामा दिएका थिए ।

पछिल्लो समयमा एकीकृत नकेपा माओवादीले संविधानसभामा जोड दिइरहेका बेलामा त्यसको विपक्षमा रणनीति बनाउनु वैद्यको बाध्यता पनि हुन सक्छ । पार्टी विभाजन भएकाले त्यसको औचित्य सावित गर्न समेत वैद्यले अनेक रणनीति अपनाउनु पर्ने आवश्यकता देखिएको छ । पार्टी विभाजित भएको औचित्य पुष्टि गर्न नसकेको खण्डमा वैद्यको प्रतिष्ठामा समेत घात पर्ने भएको हुनाले वैद्यले अहिलेको अवस्थामा निर्वाचन हुन नसक्ने रणनीति घोषणा गरेका हुन सक्छन् । नेकपा-माओवादीसँगै रहेका ३३ दलहरू मध्येका केही दलहरूले निर्वाचन आयोगमा दल दर्ता गरएका हुनाले वैद्यलाई समेत निर्वाचनमा जान दबाब परेको अवस्थामा नेकपा-माओवादी उभिएको छ । अहिले वैद्यले निर्वाचनको मिति घोषणा गरिए त्यो आफूहरूका लागि विपरित हुने भन्दै पहिला आफ्ना माग संवोधन गर्नु पर्ने अडानमा अडिग रहेका नेकपा-माओवादीले तोकिएको समयमा निर्वाचन हुन सक्ने दरिला आधारहरू देखिदएका छैनन् । मिति घोषणा गरिएपनि समयमा निर्वाचन हुनसक्ने कुरामा विश्वास गर्न सकिँदैन भन्ने प्रमाण त तत्कालिन प्रधनमन्त्री डा.बाबुराम भट्टराइले मंसिर ७ गते निर्वाचन हुने घोषणाले नै प्रमाणित गरेको छ । नेकपा-माओवादी लगायत अन्य दलहरूले निर्वाचनको मिति घोषणा नहुँदै निर्वाचन हुन नदिने र जबर्जस्ती निर्वाचन गराउन खोजे रक्तपात हुने चेनावती दिन थालेका हुनाले नेकपा-माओवादी लगायतका अन्य सानादहलरु आक्रमक रुपमा प्रस्तुत भएको खण्डमा निर्वाचन कसरी सम्भव होला ?

कथित ठूला दल भनिएका एकीकृत नेकपा माओवादी, नेपाली कांग्रेस, नेकपा एमाले र मधेशी मोर्चाले अब चार दलीय सिन्डिकेट भङ्ग गर्दै उच्चस्तरीय राजनीतिक संयन्त्र समेत विघटन गरेर कम्तिमा पनि तत्कालिन संविधानसभामा उपस्थित भएका सबै दलहरूको सहभागितामा सर्वपक्षीय भेला गराएर वा बहस र छलफल गरेर सबैको सहयोगमा निर्वाचनमा जाने विकल्प खोजिएको खण्डमा निर्वाचन हुन सक्छ । मुलुकको लागि आजको पहिलो आवश्यकता भनेको निर्वाचन नै हो, तर निर्वाचन पहिलो अवाश्यकता हो भन्दैमा जनता-जनताबीच मारकाट हुने र केही दलहरूले बहिष्कार गर्ने निर्वाचनको आवश्यकता छैन । निर्वाचनले सबैको मन जित्न सक्नु पर्दछ । जनताले विना डरत्रास, धाक धम्की आफ्ना प्रतिनिधि रोज्न पाउनु पर्छ, तर त्यो अवस्था अहिले छैन । अहिले चार दलले मात्र सहमति गरेर अन्य दललाई वेवास्ता गरेका हुनाले सहमतिमा अगाडि बढेको राजनीतिकमा ब्रेक गर्नु किमार्थ उचित हुँदैन । ठूला दल भनिएका दलहरूले आफ्नो पार्टीगत स्वार्थभन्दा मुलुकको स्वार्थलाई हेरेको खण्डमा सबै दलहरूबीच सहमति बन्न सक्छ र बन्नु पर्दछ । संविधान भनेको मुलुकको मूल कानुन हो, त्यही कानुनद्वारा राज्य सञ्चालन हुने भएको हुनाले संविधान निर्माणमा सबै पक्षको सहभागिता अनिवार्य शर्त हो । यदि साच्चिकै संविधान निर्माण गर्ने हो भने संविधान निर्माणको कार्यबाट कसैलाई बञ्चित गराइनु हुँदैन । संविधानसभाको पहिलो निर्वाचनबाट प्रतिनिधित्व भएको संधिवानसभा साच्चिकै समावेसी थियो । महिलाको राम्रो उपस्थिति रहेको थियो । तर त्यसले त संविधान निर्माण गर्न सकेन भने अहिले आएर केही दलले निर्वाचन नै बहिष्कार गरेको खण्डमा निर्वाचनबाट आएका प्रतिनिधिहरूले संविधान निर्माण गर्न गर्छन् भन्ने कुनै ग्यारेन्टी छैन । कमसेकम संविधान निर्माणका लागि सबै राजनीतिक दल एकै ठाउँमा उभिनु पर्छ । यदि यसो नभएको खण्डमा जति पटक संविधानसभाको निर्वाचन गराए पनि संविधान निमार्ण हुन सक्दैन ।

हत्या गरिएको संविधानसभाले किन संविधान निर्माण गर्न सकेन त्यसबेला संविधान निर्माणका क्रममा के के अवरोधहरू आए, कस्ता कस्ता अवरोधहरूले संविधान निर्माण हुन सकेन । दलहरूका आ-आफ्ना एजेण्डाहरू के के हुन्, ति सबैलाई जनताबाट अनुमोदन गराउनका लागि अब सबै राजनीतिक दलहरूले आफ्नो चुनावी घोषणा पत्रमा यदि हामीले चुनाव जितेको खण्डमा यी विषयहरू राखेर यस्तो संविधान निर्माण गर्छौं भनेर जनताकहाँ गएको खण्डमा संविधान निर्माणको बाटो खुल्छ । खासगरेर एमाओवादी, कांग्रेस, एमाले र मधेशी मोर्चाले चुनावी घोषणा पत्रमै संविधानको सामान्य खाका तयार गरेर जनता कहाँ गएको खण्डमा संविधान निर्माणका लागि धेरै हदसम्म मार्ग प्रशस्त हुनसक्छ । संविधानसभाको निर्वाचनपछि संविधानसभाले् संविधान निर्माण नगरेसम्म संविधानसभाका सदस्यहरूको नेतृत्वमा सरकार गठन गर्ने भूल अब दलहरूले गुर्न हुँदैन । संविधानसभाको पहिलो दायित्व र कर्तव्य भनेको संविधान निर्माण गर्नु नै हो । सरकार निर्माण गर्ने त दोस्रो प्राथमिकता मात्र हो । त्यसैले संविधान निर्माण नभएसम्म दलिय नेतृत्वमा संविधानसभाको सदस्य नभएका व्यक्तिको नेतृत्वमा सरकार गठन गरेर राज्य सञ्चालन गर्ने र संविधानसभाले संविधान निर्माण गरिसकेपछि मात्र सरकार निर्माण गर्ने प्रतिबद्धताका साथ दलहरू अगाडि बढेको खण्डमा मात्र संविधान निर्माण हुन सक्छ । संविधानसभाको निर्वाचन पछि दलहरू कसको नेतृत्वमा सरकार बनाउने र गिराउने खेलमा लाग्ने भएको हुनाले दलहरूबीच राजनीतिक ध्रुविकरण हुने भएको हुनाले संविधान नबन्न सक्छ ।

अहिले पनि एकीकृत नेकपा माओवादी, नेपाली कांग्रेस, नेकपा एमाले र मधेसी मोर्चाबीच तिब्र मतभेद रहेको छ । एउटै दलभित्र पनि सहमति छैन । एमाओवादी कार्यकारी अधिकारसहितको प्रत्यक्ष निर्वाचित राष्ट्रपतिको पक्षमा रहेका छ भने कांग्रेस संसदबाट निर्वाचित कार्यकारी प्रधानमन्त्री र त्यहीबाट निर्वाचित राष्ट्रपतिको  पक्षमा उभिएको छ । संघीयताका बारेमा समेत दलहरूबीच एकमत बन्न सकेको छैन । प्रदेशका बारेमा समेत व्यापक विवाद रहेको छ । एमाओवादी एकल जातिय पहिचानका आधारमा प्रदेशको नामाकरण हुनुपर्ने पक्षमा उभिएको छ भने अन्य पार्टीहरू त्यसको विपक्षमा उभिएका हुनाले आउने संविधानसभाले सजिलै संविधान निर्माण गर्दछ भन्ने विश्वास जनतालाई छैन । बध गरिएको संविधानसभामा उठेका विवादहरू आजसम्म हलचल भएका छैनन् । जातीय मुद्दालाई उठाएर संविधान निर्माण गर्न अवरोध सिर्जना गर्ने केही छिमेकी मुलुकहरू र पश्चिमा मुलुकहरूले दलहरूकै कारण खेल्ने ठाउँ पाएका छन् । युरोपेली मुलुकहरू धर्मको नाममा नेपालमा प्रवेश गरेर जातियताका मुद्दाहरू उठाइरहेका छन् । छिमेकी मुलुक भारत मधेशमा एक वा दुई प्रदेश मात्र हुनुपर्छ भन्ने आडानमा रहन मधेशवादी दलहरूलाई निर्देशन दिइरहेको छ । यी सबै कराणहरूले गर्दा हामी नेपालीहले आफैंले बनाउने भनेको संविधान अब कसको निर्देशनमा कस्तो बन्दछ भनेर पर्खिएर बस्नु पर्ने अवस्था सिर्जना भएको छ ।

अहिले निर्वाचन आयोगमा दर्ता भएका दलहरूको संख्या हेर्दा लाग्छ, मुलुकमा राजनीतिमा नलागेका मान्छे नै छैनन् । व्यापारी, उद्योगीदेखि लिएर सामान्य व्यक्तिले समेत दल दर्ताका लागि आयोगमा निवेदन दिएका छन् । राजनीतिमा लागेका व्यक्तिले राजानीतिलाई कमाई खाने भाँडो बनाएका हुनाले सजिलै कमाई हुने उद्योग वा व्यवसाय भनेर रनजीतिक दलहरू खोल्ने होडबाजी नै चलेको छ । विगतमा समानुपातिकद्वारा संविधानसभामा पुगेका, एक, दुई सिट भएका व्यक्तिहरू समेत मन्त्री भएको हुनाले अब पनि त्यस्तै हुन्छ भनेर दल खोल्नेको हाडबाजी नै चलेको सत्य वास्तविकता भएको हुनाले थ्रेस होल्डको व्यवस्था अनिवार्य भएको हो । निर्वाचनमा खसेको मतको निश्चित प्रतिशत मत नल्याउने पार्टीलाई समानुपातिकको कोटबाट हटाउनु नै अहिलेको आवश्यकता  हो । यदि त्यसो नगरिएको खण्डमा १०/१२ हजार मत ल्याउने पार्टीले पनि एक सिट पाउन सक्ने भएको  हुनाले संविधान सभामा धेरै पार्टीको उपस्थिति रहने भएता पनि फेरि यहाँ खरिद विक्री हुने र सरकार बनाउने र गिराउने कार्यमै सभासदहरू सक्रिय रहने हुनाले संविधान निर्माण हुनै सक्दैन । त्यसैले थ्रेस होल्ड अनिवार्य शर्त हो ।

*devendrachudal@gmail.com*

# ढोडको तोक्माजस्तै भयो खिलराज सरकार



राजन कार्की

७ वर्षको प्रयासपछि पनि लोकतन्त्र हाँक्न नसकेपछि प्रधानन्यायाधीशलाई शासनभार सुम्पिएका थिए । स्वतन्त्र व्यक्तित्वका आवरणमा सर्वोच्चबाट सिंहदरवारको शासनाधिकारी बनेका खिलराज अलोकतान्त्रिक र सर्वसत्तावादी पो बन्नपुगे । न्यायाधीशको शासन कुनै पनि कोणबाट लोकतान्त्रिक देखिएन । मूल जिम्मेवारी निर्वाचन हो, खिलराज नियुक्ति, सरुवा, बढुवा र स्वार्थमा केन्द्रीत हुनपुगे । असारमा निर्वाचन गर्ने प्रचारका साथ सत्तामा उक्लेका खिलराजले असारसम्ममा निर्वाचनको मितिसम्म पनि तोक्न नसक्ने छाँटकाँट देखिएको छ ।

साँचो अर्थमा भन्ने हो भने निरङ्कूशताको अन्त्य गर्ने जनादेश लिएर राजनीतिक दलहरूले राजतन्त्र, धर्ममात्र मासेनन्, सयौं जातीय बसोबास भएको मुलुकमा एकल जातीय संघीयताको विष बीउ पनि छरिसकेका छन् । ०६३ साल बैशाख ११ गतेपछि राजनीतिक दलहरूले जुन उन्मत्त भैरव नृत्य देखाउन थालेका छन्, त्यो नृत्य महाभारतमा कौरव र पाण्डवबीचको युद्धजस्तो बन्न पुगेको छ र समयले यो कालखण्डको कलंकपूर्ण कथा बकिरहेको छ । सुन्ने र देख्नेले अनुभव गरिरहेका छन् । आम नेपाली जनमानसले कहर भोगिरहेको छन् । महाभारतकालमा अन्धा धृतराष्ट्रलाई सञ्जयले पाण्डव र कौरववीचको युद्धबृतान्त सुनाएका थिए । धृतराष्ट्र कहिले रुन्थे, कहिले चिन्तित हुन्थे, कहिले उत्तेजित र कहिले शिथिल बन्थे । अन्ततः सत्यको बिजय भयो, कौरव धृतराष्ट्रको बिनास । वर्तमान कालखण्डमा समय सञ्जयको भूमिकामा छ र समयले नेताहरूको राजनीतिक अपराधकर्मबारे सचेत गराइरहेको छ । ६०१ सभासदले संविधान बनाउन सकेनन्, किन सकेनन् ? कारणसहित जनतालाई कसैले प्रष्टिकरण दिएनन् । ९० प्रतिशत काम सकिएको संविधानसभालाई मार्न हुन्थ्यो कि हुन्नथ्यो ? बाँचुन्जेल सभासद बनेर लुटे, मरेपछि मलामी गए अनि चुपचाप बसे । यिनीहरू अपराधी हुन् कि होइनन् ? पहिले अरवौं लुट्नेहरू अहिले फेरि संविधानसभाको निर्वाचन गर्ने भनेर कस्सिएका छन् । यिनीहरू फेरि लुट्न पाइन्छ भनेर उत्साहित भएका होइनन् त ? संविधान बन्छ भनेर आश्वस्त पार्ने कुनै आधारबिना नै निर्वाचन गर्न निर्दलीय सरकार गठन गर्नेहरू लोकतन्त्रको डम्फु बजाइरहेका छन् । योभन्दा ठूलो अपराध के हुन्छ ? तर, अपराधबोध कसैले गरेका छैनन् । शीर्ष दलहरू त संयन्त्र बनाएर लोकतान्त्रिक आधारभूमिमा लूट अभियान चलाइरहेका छन् । मुलुकलाई निर्वाचन, संविधान र शान्ति चाहिएको छ, नेताको लूटतन्त्र होइन । गर्ने के ? आम जनतामा नेताहरू भनेका लुटेरा रहेछन् भन्ने छाप परिसकेको छ । तर, अहंकारी अन्धा नेताहरू जनतालाई किरा सम्झन्छन् र जनताको सार्वभौमिकता कुल्चिरहेका छन् । सबैले सोधिरहेका छन्- श्रीमान यो लोकतन्त्र कि अधिनायकतन्त्र ? एउटा टाउकामा दुईओटा टोपी लगाएका प्रधानन्यायाधीश र प्रधानमन्त्री (अध्यक्ष) पटक्कै बोल्दैनन् । न्यायप्रेमी जनताको मौनक्रान्ति र शक्तिप्रेमी नेताको लूटवीच महाभारत युद्ध चर्किसकेको छ । लूटको छुट लिएर अपराधको साम्राज्य फैलाउनेहरूको हार कहिले होला ? सबै समयको प्रतिक्षामा छन् ।

निश्चय नै हाक्काहाक्की मान्छे मार्ने र क्रान्तिकारी हुने क्रम पातलिएको छ । बमका धुवाँ निस्केको छैन, तर गोली चलिरहेको छ । संविधानसभाको निर्वाचन थारो पल्टियो, संविधान जन्मिन सकेन । कालो दिन र कालरात्रि हिजो थियो, शुभदिन र शुभरात्रि आज पनि छैन । हिजो एक नेपाली अर्को नेपालीलाई रुखमा बाँधेर गला रेटिरहेको थियो, आज एक जाति अर्को जातिविरुद्ध युद्ध गर्ने मानसिकता पालिरहेको छ । हिजो चित्कार थियो, त्रासदी थियो, आज भय र आशंका छ । हिजोका मात्तिएका र नरसंहारकारीहरू आज सत्तामा छन् र राजनीतिलाई अपराधिकरण गरिरहेका छन्, जनता आत्तिन पुगेका छन् । त्यसैले २०७० साल जेठ १५ गतेको गणतन्त्र दिवसमा गणले उत्सव मनाउन सकेनन्, उमङ्ग देखाउन सकेनन् । श्रीमानको शासन र सिण्डिकेटको आशन कति खतरनाक रहेछ, देश तीब्र गतिले अधोगतितिर उन्मुख छ भन्ने यो बलियो प्रमाण हो । ०६३ सालमा नयाँ नेपालका निर्माता हौं भन्ने नेताहरू अहिले पनि छन् । तिनीहरूले एकीकृत नेपाललाई असरल्ल र छरपस्ट पार्न थालेका छन् । ०६३ साल वैशाख ११ पछि जनतामा शान्ति र प्रगतिको आशा पलायो, ०६४ साल चैत २८ को निर्वाचनपछि जनआकांक्षा बढ्यो, ०६५ साल जेठ १५ गते गणतन्त्र कार्यान्वयनपछि नयाँ संविधान र नयाँ नेपालका नागरिक हुन पाइने भो भन्ने विश्वास जागेको थियो । तर, ०६९ साल जेठ १४ गते संविधानसभा मर्‍यो र ०७० साल जेठ १४ गते शायद संविधानसभाको जूठो चोखियो र १५ गतेको पाँचौं गणतन्त्र दिवस पनि शोकमय बन्नपुग्यो । जनतारुपी गणलाई गणतन्त्र आएकै छैन । राष्ट्रपतिले बिगतका त्रुटीहरू नदोहोर्‍याउने प्रतिवद्धतासहित अघि बढौं भनेर 'कान समातेको शुभकामना बक्तव्य' दिए पनि कसैले वास्ता गरेनन् । पत्याएनन् । नागरिक समाजसमेत अलगथलग हुनपुग्यो । राजनीतिक दलहरूवीच विश्वासको संकट थियो, खिलराज सरकारको गठन र उसका कार्यकलपाले यति धेरै तिक्तता बढायो कि नागरिक समाज र आम नागरिकसमेत चारदलीय संयन्त्र र सरकारसँग पृथक हुनपुगेका छन् । ३३ दलले त 'मेची-महाकाली राष्ट्रिय स्वाधीनता अभियान' का क्रममा जेठ १४ गते मंगलवार राजधानीमा घोषणा नै गरिदिए- 'संविधानविरोधी सिण्डिकेट र अराजनीतिक खिलराजसँग वार्ता पनि हुँदैन, पार्टी दर्ता पनि हुँदैन, चुनाव पनि हुँदैन । अव बिरोध होइन, बिद्रोह हुन्छ ।' यो चुनौतीको सामना गर्ने नैतिक बल सरकार, चारदल, निर्वाचन आयोग अथवा राष्ट्रपतिसँग पनि देखिन्न । न श्रीमान गम्भीर छन्, न राष्ट्रपति । सबै श्री झिकेर ठड्याइएका बुख्याँचाजस्ता मात्र देखिन्छन् । बाहिर बाहिर निर्वाचनका लागि जस्तोसुकै सहयोग गर्न तैयार छौं भनेर अनुहार देखाउने पर्दापछाडिका विदेशी शक्तिहरू खोजेको अराजकता र अस्थिरता पाइएकोमा दङ्दास छन् ।

स्वार्थ लम्पट नेताहरूका कारण संविधानसभाले संविधान लेख्न सकेन, हत्या नै गरियो । यो कलंकको जिम्मा कुनै पार्टीले लिएका छैनन् । अविश्वासको भाङ खाएर लठ्ठिएका र निषेधको सीमामा बाँधिएका दलहरूले जनतामा राजनीतिक हैसियत राख्ने ३३ दललाई बेवास्ता गरेर राष्ट्रिय सहमति र तटस्थ व्यक्तिको नाममा खिलराज सरकार गठन गर्न पुगे । सरकारमाथि उच्चस्तरीय संयन्त्रका नाममा आफैलाई बिराजमान गराएर बाधा अड्काउ फुकाउन २५ बुँदे संविधान संशोधन गरे । नतिजा के निस्कियो ? बाबुराम सरकारले मंसिर र बैशाखमा निर्वाचन गराउन सकेन, बाबुराम फेर्न सके चुट्कीको भरमा निर्वाचन हुन्छ भन्नेहरू असारबाट मंसिरमा चुनाव हुन्छ भन्न थालेका छन् । ३३ दल निर्वाचन भाँड्न टाउकामा कात्रो बाँधेर निस्किएका छन् । असहमति हिजो थियो, असहमति आज छ र असहमति विष बृक्ष बनेर हल्किदै गएको छ । सहमति नभए राजनीतिक बैतर्णी तर्न सकिन्न, देशलाई दिशा दिन सकिन्न भन्ने यथार्थबोध गर्नका लागि चार दल र अझ एमाओवादीको बुद्धि बङ्गारो पलाएन । जनताको बलिदानको बरदान हो गणतन्त्र । यस्तो बरदानलाई बन्दी बनाएर 'लौरो न हतियार' बनाए चार दलका चार नेताहरूले । गणतन्त्र दिवस गौरवमय र जिवन्त हुनुपर्थ्यो, जनताले मनाउँदै मनाएनन् किनकि सत्ता, शक्ति र द्रव्य पिचास बनेका नेतामात्र देखिने गणतन्त्रमा गणको स्थान नै छैन । मानौं जनताले लज्जाबोध गरिरहेका छन् । यही कारण जनतामा छटपटी र हुटहुटी छ । प्रजातन्त्रलाई आदर्श मान्नेहरूमा प्रजातान्त्रिक मर्यादा छैन, माओलाई आदर्श मान्नेहरूमा स्वाभिमान छैन । द्वन्द्व व्यवस्थापन भयो भन्नेहरू नयाँ नयाँ द्वन्द्व उत्खनन् गरिरहेका छन् । व्दन्द्व अन्तहीन रुपमा डढेलोझैं सल्किन थालेको छ ।

**निरङ्कूशताको अन्त्य गर्ने जनादेश लिएर राजनीतिक दलहरूले राजतन्त्र, धर्ममात्र मासेनन्, सयौं जातीय बसोबास भएको मुलुकमा एकल जातीय संघीयताको विष बीउ पनि छरिसकेका छन् । ०६३ साल बैशाख ११ गतेपछि राजनीतिक दलहरूले जुन उन्मत्त भैरव नृत्य देखाउन थालेका छन्, त्यो नृत्य महाभारतमा कौरव र पाण्डवबीचको युद्धजस्तो बन्न पुगेको छ र समयले यो कालखण्डको कलंकपूर्ण कथा बकिरहेको छ । सुन्ने र देख्नेले अनुभव गरिरहेका छन् ।**

जतिसुकै ढाकछोप गरे पनि राजतन्त्र फालेर गणतन्त्रको घोषणा गर्दैमा गणतान्त्रिक उज्यालो झुल्कने होइन रहेछ । गणतन्त्र घोषणा गर्ने पार्टी र नेता यिनै हुन् । यिनको चरित्र, यिनको व्यवहार देख्दा लाग्छ, यिनीहरू गणतन्त्र संस्थागत गर्न तैयार छैनन् । गणतन्त्र संस्थागत भयो भने व्यक्तिगत स्वार्थ पूरा गर्न सकिन्न भन्ने भय छ यिनलाई । यिनीहरूमा सर्वसत्तावाद र अधिनायकवादको भूत चढेको छ । त्यो भूत पन्छाउने शक्ति भनेको जनशक्ति नै हो । जनता अन्यमनस्क मनस्थिति बोकेर चुपचाप छन् । समस्यै समस्याले थिचिएका नागरिकशक्ति हस्तक्षेप गरिहाल्ने स्थितिमा देखिदैनन् । असक्षम, अकर्मण्यताबाट ग्रसित नेताहरू राष्ट्रमाथि आफुले गरेका गल्ती र कलंक थोपर्दैछन् । यिनले महाभारतकालका धृतराष्ट्रको स्वार्थ र महत्वाकांक्षाले बंशबिनास भएको कथा स्मरण त गरेनन् गरेनन्, यिनलाई सिद्धार्थ, अंगुलीमाल र चक्रवर्ती राजा अशोकको कालजयी दृष्टान्त सुनाइदिने कसले ?

गौतमबुद्ध, अंगुलीमाल र सम्राट अशोकका दृष्टान्त यस्ता छन्- सिद्धार्थ : अन्याय, अत्याचार, दूराचार, हत्या, हिंसा र लूटमारजस्ता अपराधकर्म देखेर मुक्तिको सोचमा परेका सिद्धार्थले अन्ततोगत्वा बुद्धत्व निर्वाण प्राप्त गरे । रत्नाकरजस्ता ज्यानमारा, डाँकुभित्रको मान्छे जाग्यो र बाल्मिकी जस्ता महान तपस्वी बन्नपुगे । यसै सन्दर्भमा अंगुलीमालको जीवनगाथा अनौठो लाग्न सक्छ । अंगुलीमाल : राजाका छोरा थिए । उनीभित्रको अपराधी मानसिकता यति बलवान भएर जागृत भयो कि अंगुलीमालले मान्छेजातिको सर्वनास गर्न थाले । मान्छेहरूका औंला काट्दै माला लगाएर हिड्नथाले । हिड्दाहिड्दै अंगुलीमाल एकदिन सिद्धार्थ गौतमसँग आमनेसामने हुनपुगे । अंगुलीमालले सिद्धार्थको हत्या गरेर उनको औंलाको माला लगाउन आक्रमण गर्नपुगे । अंगुलीमाल असफल भएपछि सिद्धार्थले भने- अंगूलीमाल पिपलको पात तोड । अंगूलीमालले पिपलको पात तोडिदिए । सिध्दार्थले भने- त्यो तोडेको पातलाई जोड । अंगूलीमालले लाख प्रयत्न गर्दा पनि तोडिएको पात जोड्न सकेनन् । त्यसपछि सिध्दार्थ गौतमले भने- जब तिम्रो सृष्टि होइन, तोडेर जोड्न सक्दैनौं भने त्यसलाई तोड्ने अधिकार पनि तिमीसँग छैन । सिध्दार्थको यो बचनले अंगूलीमालको हृदयमा बुध्दत्व अंकुरित भयो र पश्चाताप गरे । त्यसपछि अंगूलीमाल भिक्षु बनेर पापमोचन गर्ने बुद्धत्व प्रचारको आत्म-शान्तियात्रामा निस्किए । राजा अशोक : उनले कुनै युद्ध हारेनन् । उनलाई चक्वर्ती राजा भनिन्थ्यो । रणमैदानमा मानिसहरूको लाशैलाश, रगतैरगत, गिध्दको बथान, कुकुरको बिगबिगी, महिला-बाल-बृद्धको रुवावासी देखेर सम्राट अशोक बिरक्तिए । अकस्मात सारा राजपाठ त्यागेर चक्वर्ती महाराज अशोक शान्तिको खोजी गर्दै लुम्बिनी आइपुगे । उनले हतियार, अहं, अहंकार, शक्ति, सामर्थ्य सबै त्याग गरेर बुद्धम् शरणम् गच्छामी भन्न थाले । यसको साक्षी आज पनि लुम्बिनीमा अशोक स्तम्भका रुपमा खडा छ ।

जनवादी कमरेड कर्पोरेट हाउस बनेका छन्, समाजवादी प्रजातन्त्रवादीहरू सामन्त भएका छन् र संचेतन तथा नागरिक समाज भन्ने बर्ग राजनीतिक पार्टीका झोला बोक्न थालेका छन् । खासमा आम जनताको आवाज उठाइदिने, आम जनताको आकंक्षाको प्रतिनिधित्व गरिदिने बर्ग नै छैन । समय महाभारतको सञ्जयको भूमिका निर्वाह गरिरहेको छ र समयको आहट, आवाज सुन्न कुनै नेता तथा पार्टी तैयार छैनन् । लोकतन्त्र पार्टी, नेता, तिनका कार्यकर्ता, अपराधी, भ्रष्टाचारी बर्गको भोक, प्यास मेटाउनेतन्त्र बन्न पुगेको छ । लोकतन्त्रमा लखनौं लूट चलिरहेको छ । दुई टाउके भारनढका पन्छी बालुवामा टाउका घुसारेर सुतेझैं एउटा टाउकामा प्रधानन्यायाधीश र मन्त्रिपरिषद् अध्यक्षको दुईटा टोपी लगाएका खिलराज सिंहदरवार र सर्वोच्चमा चुपचाप घुस्रिरहेका छन् ।

# Sikh Massacre: Unforgettable

***Javed Iqbal***

Sikh Nation is a sovereign nation and is determined to reclaim its lost sovereignty. Since the annexation of Sikh state by the Britishers in 1849, many new geopolitical realities came to pass locally and around the globe.Khalistan is one of the outstanding issues the Sikh community of the subcontinent regards as legitimate struggle. From grandeur of Sikh rule in the subcontinent to bitter memories of Operation Blue Star and desecration of Akal Takht in 1984 (which resulted into a mutiny in Indian Military) Khalistan has remained a dream for the Sikhs of India as well as their strong Diaspora around the entire globe.

Mr Sajjan Kumar,who was allegedly involved in perpetuating massacre of Sikhs in Delhi and other parts of India and promulgation of Sikh Congressional Caucus in the US are new trend setters in Indian polity where revival of Khalistan movement in India and within Sikh Diaspora may be taking place with more vigour albeit with softer face.

With awareness of their glorious past and dynamic culture, the new Sikh generation has effectively used social media and international forums to voice their views in galvanising the Khalistan movement; that is why SJS Bhindranwale is their hero and Sujjan Kumar the ultimate villain.

The Sikh youth has found solace through the medium of social media as well as other social organisations around the world to carry out a struggle for Khalistan, the Sikh community in Canada, US and UK has been very active in galvanising support for the cause of an independent state where Sikhs could live with peace and honour. With fertile lands and an enterprising community Khalistan could become an independent and thriving state in the region and could also act as a bridge between Pakistan, India and the prospective state of Jammu and Kashmir.

It may be interesting to mention about hundreds of social networks run by Sikhs and their Diaspora in India and entire globe. The Sikh youth castigated by the Indian government and RAW have migrated online to vent their views on the Khalistan issue. Few examples are the Khalistan.net,Sikh Freedom.com,Sikh Lionz.com and the Roadtokhalistan.net, these nets give a complete history, culture and struggle of this great community, urging the international community and Sikhs all around the globe to rally for their genuine cause.

A strategy of struggle for making Khalistan a reality is also tabulated for the benefit of the youth. The news of Oct 2012 attack on a retired three star Indian General Brar in London was not properly highlighted or investigated by Indian or British media for obvious reasons;, General Brar led a ruthless 1984 operation against Sikh freedom fighters right in the heart of the Golden Temple in Amritsar, and was stabbed in what may have been a targeted attack by Sikh youth in the UK.

Sikhs are being killed in fake encounters. There is disappearance of Sikh youth in Punjab. Indian government has killed from 1 to 1.2 million Sikhs and about 70 thousand Sikhs are in jail. Here are some of the methods of torture, humiliation and atrocities used by Indian Government against the Sikhs.To interrogate the Sikhs, a round log of wood is placed on their legs, and after putting heavy weight on the log it is rotated on the legs. Chilly powder is sprinkled in the eyes and sex organs of the Sikhs. Sikhs are hung upside down from the ceilings till they became unconscious. The body joints are battered. Electric shocks are administered to the genitals making most of the youth impotent

Sikh women, during interrogation, are hurt in their sex organs. Filthy abuse is showered on them. Violence is inflicted on the parents in presence of their sons and daughters and vice-versa.

Brothers are forced to beat sisters and vice versa. violence is inflicted on adult girls after stripping them naked and their sex organs are damaged. They are sexually assaulted, pregnancies are terminated of the expectant females.

**Crotchets are pulled apart.**

The victims of inhuman violence are made to sit naked in winter, and under the sun in summer, kept sleepless for days in solitary cells. Sikhs are subjected to severe beatings and filthy abuse in the presence of their village folks. Dead bodies of Sikhs killed in fake encounters are not handed over to their parents to conceal marks of excessive violence

The state manipulates tailored post mortem reports from the doctors, and burns the dead bodies of the Sikhs after falsely declaring them unclaimed. All sorts of excesses are made on the parents of underground Sikh youths. Indiscriminate atrocities are committed on the parents of the underground youth of the area where some militant action takes place.

Atrocities are committed without caring for one's age, health, life or death. If someone luckily survives such brutal excesses, it is well and good But if one dies while under "interrogation", then such a dead body is taken out, pierced with some bullets, and a news item is sent that a dreaded terrorist has been shot dead in an encounter

Houses of underground Sikh youths are demolished, their belongings are looted, crops destroyed, their tube well motors are taken away, and they are prevented from sowing crops.

Even animals of the families of underground Sikh youth are subjected to police anger. After summoning the families to the police station, villagers are told not to take care of the animals of the families of the underground youth. Generally the animals starve to death.

False cases are registered against innocent Sikh youths, later they are let off taking fat bribes. Reporters giving true reports are arrested, an undeclared censorship is imposed on them to stop them from exposing police atrocities. Peaceful protests by the Human rights organizations are prohibited. Press is used to launch vicious and false propaganda against the Sikhs.

Hardened criminals are inducted into Sikh movement to help in arresting the Sikh revolutionaries and sabotage the movement. Such criminals are inducted to tarnish the fair name of the Sikh revolutionaries are now called the "Black Cats" in the Punjab. Under SSP Izhar Alam, such criminal gangs were named the "Alam Sena." Besides, such police sponsored bands of criminals also operated under the name of Panthic Tiger Force and "Red Brigade." The director general of the police himself admitted about the "Black Cats" bands. In his interview to the India Today on Sept. 15, 188, KPS Gill had announced without an iota of shame that the security forces in Punjab cannot do anything without the help of secret bands (Black Cats).

Thousands of innocent pilgrims, children, females, aged people, who got encircled in the Golden Temple during Operation Bluestar were made to die through starvation and thirst. The whole of Punjab was converted into a vast jail by clamping curfew on the entire area. The army bulletin branded all Amritdhaaree's as terrorists.

Indian army desecrated the Gurdwaras and committed such atrocities on the Sikhs that even the "soul of Ahmed Shah Abdali might have felt ashamed of.

The targets of army guns were none else but religious persons, devotees, pilgrims, ladies, old people, children or some militants whom the Indian government deemed as terrorists. No neutral observer was allowed to take stock of the situation.

The injured during the attack on the Golden Temple were subjected to extreme partiality. Whereas every assistance and facility was made available to the injured army personnel, there was no such provision for the wounded belonging to the other side.

The number of prisoners taken was rather small. There is ample scope for doubt that the Indian army had thought it better to eliminate the thousands of people seized in the Golden Temple instead of taking them prisoners or having to provide them with medical assistance.

No need was felt to perform religious rites for the dead pilgrims and devotees. Before consigning the dead bodies to flames, no effort was made to identify them. No relatives were informed. No dead bodies were handed over to the next of kin. In such a situation only the dead or those wishing to be dead could be present at the last rites.

All dead bodies were placed in heaps and then consigned to flames. IT was never insured that among the dead there could also be some Muslim devotees. To cremate is against the tenets of Islam.

No need was felt to give a list of the dead to the Red Cross or any other International Agency

Despite such atrocities, no commission was appointed to go into this dark episode. Even the British, the foreign rulers, had cared to appoint the Hunter commission to inquire into the Jallianwalla Massacre which was of a much less magnitude on the other hand. The Indian government, on the other hand, took all steps to hide the excesses of the army.

In the struggle for the reclamation of lost Sikh sovereignty and demarcation of geopolitical boundaries, the Sikh Nation wants to assert its intent that Sikhs want to live in peace with their neighbors Pakistan and India. The geographical boundaries of Khalistan will include current East Punjab, Haryana, Himachal Pardesh, part of Rajasthan and small part of Uttar Pardesh. River Ravi on the west and river Jamuna on the east will be some of the boundary lines between Khalistan & Pakistan, Khalistan & India respectively. In the north, part of Himalayan range and in south, part of Thar Deset will make the geographical boundaries of Khalistan. Sikh nation of Khalistan will be a theocratic- democratic state where the social contract between the citizens and state will be based on the solemn commitment that "state will protect all rights including the religious rights of all citizens and all citizens in turn will defend the boundaries and constitution of Khalistan". Sikh ethos and ecumenical principles will make some of the fundamentals of Khalistan's constitution.

We do a day-to-day monitoring of things. Security is being stepped up as required," Jalandhar Inspector General of Police Sanjiv Kalra said. In the last two months, Punjab Police have found explosives, grenades and weapons outside vital installations at various places in the state. Several kilograms of explosives were found Jan 19 outside an Indian Oil LPG bottling plant near Nabha town in Patiala district. Two grenades were found five days later outside an Indian Air Force (IAF) establishment at Zirakpur near Chandigarh. A car laden with explosives was found last month outside the IAF station at Halwara in Ludhiana. Two people were arrested in Patiala on Sunday. Eight kilograms of explosives and 40 gelatin sticks were recovered from them.

Though the secessionist movement for Khalistan was absolutely defeated in 1993, there remain a handful of terrorist outfits chiefly supported by NRI Sikh groups who continue to propagate the ideology of Khalistan. One of the most prominent among them is the BKI, among the oldest and most organised Khalistan terrorist groups. It is headed by Wadhawa Singh, who is reportedly hiding in Pakistan. Mehal Singh is the deputy chief of BKI. Both of them are among the 20 terrorists whom India wants.

In Northern India is both a cultural ethnicity and a spiritual identity. Because of that-there are a lot of issues that you face in the Punjab related to politics, society and culture. Those of us who have become Sikhs in the West already have a cultural and political identity. However, Sikhs in the Punjab have political, social and economic challenges to face. Because of that, you connect very strongly with Guru Gobind Singh's message of standing up to tyranny and becoming sovereign over your own life. We firmly believe that when people are willing to live in tune with the Will of God, then all these social, political and economic injustices will automatically come back into balance. But as long as people do not live surrendered to the Will of God, the imbalances will continue. If it God's will that the Sikhs have an independent state, then all you need to do is meditate and learn how to surrender yourself to God's Will and by His hand, without any effort from your ego, it shall happen."

# नेपालीको घरेलु हिंसा गाउँदेखि अष्ट्रेलियासम्म

*विनोद ढकाल*

रौतहटको धरमपुरकी विमादेवीले आफूलाई घरेलु हिंसापीडित बनाएको भन्दै श्रीमान् सुरेश गुप्ताविरुद्ध केही महिनाअघि रौतहट प्रहरीमा उजुरी दिइन् । ०६१ सालमा विवाह भएपछि श्रीमान् सुरेशले थप दाइजो माग गरेका थिए । दाइजो नल्याएको भन्दै सुरेश र ससुरा सानेलाल साहले निरन्तर यातना दिने गरेको उनले दिएको उजुरीमा उल्लेख छ ।

विवाह गरेको तीन महिना पनि बित्न नपाउँदै उनलाई यातना दिन सुरु भएको थियो । त्यो क्रम निरन्तर बढ्दै गएको थियो । परिवारबाट पाएको यातनाकै कारण ०६२ सालमा उनको गर्भ पनि खेर गयो । शारीरिक तथा मानसिक यातना सहन नसकेपछि उनले प्रहरीमा उजुरी गरेकी थिइन् । विवाह लगत्तैदेखि परिवारसँग खटपट भई निरन्तर दाइजोको दबाब बढे पनि विमाको माइती र समाजको भेलाले उनको घरझगडा मिलाएको थियो । सबैसामु भएको सहमतिअनुसार श्रीमान् सुरेशसँग बस्दै आएको उनले खुलाएकी छिन् । तर, साथै रहँदा पनि श्रीमान् र ससुराको व्यवहारमा परिवर्तन भएन । सहनै नसक्ने भएपछि बाध्य भएर प्रहरीसम्म पुग्नुपरेको उनले आफ्नो उजुरीमा खुलाएकी छिन् ।

समाजले मिलाइदिएपछि सुरेश र विमाका दुई छोरी भइसकेका छन् । तर, श्रीमान्ले दिने यातना भने रोकिएन । विमाले दाइजोको निहुँबाट पीडा खप्न बाध्य हुनुपरेको थियो । तर, रौतहटकै गौर नगरपालिका- ७ की जोखनी देवीको कहानी भने केही फरक छ । उनले श्रीमान् वीरेन्द्र सहनी र ससुरा दशरथ सहनीले कुटपिट गरी शारीरिक तथा मानसिक यातना दिएको भन्दै प्रहरीमा उजुरी गरेकी थिइन् ।

वीरेन्द्रले जेठी श्रीमती छँदाछँदै दोस्री श्रीमती घर भित्र्याएपछि श्रीमान् र ससुरा मिलेर कुटपिट गरी घरबाट निकालेकाले उजुरी दिन बाध्य भएको जोखनीले बताएकी छिन् । छिमेकीको अगाडि पटकपटक श्रीमतीलाई कुटपिट नगर्ने वाचा गरे पनि त्यसअनुसार व्यवहार परिवर्तन भएन । अति भएपछि उजुरी गरेको उनले बताएकी छिन् ।

यी दुई घटना रौतहटमा हुने गरेका घरेलु हिंसाका सामान्य उदाहरण मात्र हुन् । रौतहटसहित तराईका जिल्लाहरूमा यस्ता घटना प्रायः दिनहुँ हुने गरेका छन् । बोल्न सक्ने र आफू पीडा नसही प्रहरीसम्म पहुँच भएकाहरूले न्याय खोजिरहेका छन् भने पीडा सहेर अहिले पनि कतिपय महिला घरैमा बसिरहेका छन् । तराईमा महिला अधिकारका क्षेत्रमा कार्यरत अधिकारकर्मी विनोद चौधरी भन्छन्, ‘यस्ता घटना मध्य तथा पूर्वीतराईमा धेरै छन् । केही पीडितलाई हामीले न्यायको पहुँचमा पुर्‍याएका छौँ । धेरैजसोचाहिँ सहेरै बसेका छौँ ।’

शिक्षाको हिसाबले पछाडि परेका सिरहा, सप्तरी, बारा, रौतहट, सर्लाही, सुनसरीलगायतका ग्रामीण क्षेत्रमा घरेलु हिंसा धेरै छन् । चौधरी थप्छन्, ‘दाइजो कम ल्याएको निहुँमा महिलामाथि हिंसा हुने गरेको छ । यस्तै, यौन हिंसाबाट पनि महिला पीडित छन् ।’ तराईमा बोक्सीको बाहनामा पनि महिलालाई प्रताडित गरिने क्रम रोकिएको छैन ।

त्यसो त तराई मात्र होइन पहाड र विदेश गएका महिला पनि घरेलु हिंसाबाट मुक्त हुन सकेका छैनन् । सामान्य मतभेद हुँदा पनि कुटपिट भएका घटना सार्वजनिक भएका छन् । ‘कुटपिट नभए पनि विभिन्न प्रकारका आरोपहरू र गाली दिने गरिएको छ । त्यसकारण लुकेर उपचार गर्न आएकी छु,’ धरानको बीपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठानको मानसिक रोग विभागमा उपचार गराउन आएकी एक महिला भन्छिन्, ‘सधैँ गाली गर्ने र सुन्नै नसक्ने शब्द प्रयोग गरी मानसिक यातना दिने गरेका कारण म के गरौँ र कसो गरौँ हुने भएकाले उपचारका लागि आएकी हुँ ।’

नेपाली समाजमा हिंसाबारे राम्रो ज्ञान नभएको, कानुनी कारबाही व्यवस्थित र प्रभावकारी नभएका कारणले पनि घरेलु हिंसा बढेका हुन् । विभिन्न मुलुकमा रहेको नेपाली बस्ती र समाजमा पनि महिलालाई यातना दिने गरेको पाइएको छ ।

अस्ट्रेलियामा लामो समय बसेका पुराना र नवआगन्तुक नेपाली युवादम्पतीमा सम्बन्धविच्छेद गर्ने प्रवृत्ति बढ्नुको कारण पनि घरेलु हिंसा नै रहेको पाइन्छ । लामो समयदेखि अस्ट्रेलियामा बसोबास गरी त्यहाँकै नागरिक भइसकेका श्रीमान्-श्रीमती त्यहाँको सामाजिक वातावरणमा घुलमिल हुन नसक्ेका कारण उत्पन्न हिंसाका कारणले परिवार नै विखण्डन हुन थालेको छ।

नेपालबाट अस्ट्रेलिया पुगेका युवा दम्पतीबीच असीमित महत्वाकाङ्क्षाका कारण एकले अर्कालाई सम्मान गर्न नसक्दा कुटपिट र अन्य हिंसाले सम्बन्धविच्छेद हुने गरेको पाइएको छ। अस्ट्रेलियामा अध्ययन गरिरहेका समीर खड्काले नौ महिनाअघि मात्र नेपालमा विवाह गरे। श्रीमतीसहित अस्ट्रेलिया पुगेका समीरको दाम्पत्यजीवन ६ महिना पनि चल्न सकेन। समीर र निशाको दाम्पत्यमा झगडा नपरेको दिनै हुन्थेन । आपसी विश्वासको अभावमा एकले अर्कालाई लगाएको खराब चरित्रको आरोप-प्रत्यारोप बेला-बेलामा हिंसामा परिणत हुने गर्दथ्यो । दुईबीचको सामान्य भनाभन कुटपिटमा बदलिएपछि निशा पुनर्स्थापना केन्द्रमा पुगिन् भने समीरलाई त्यहाँको प्रहरीले तारिखमा छोडेको थियो । सम्बन्धविच्छेद गर्न चाहने निशा र समीरको घरेलु हिंसा फेमिली कोर्टसम्म पुग्यो ।

नेपालमा नै दुई दशक लामो वैवाहिक जीवन बिताइसकेका कुमार लिम्बू र लक्ष्मी कार्कीको पनि अस्ट्रेलिया पुगेपछि सम्बन्ध चिसियो । कुमार र लक्ष्मीको झगडालाई सम्बन्धविच्छेदसम्म बनाउने एउटै कारण अस्ट्रेलियाको आधुनिक सामाजिक परिवेश थियो । अस्ट्रेलिया पुगेपछि नेपालको भन्दा फरक परिवेशमा साथीभाइसँग घुम्न र जमघटमा रमाउन चाहने लक्ष्मी र पुरानै परम्परामा बस्न चाहने कुमारबीच समझदारी बन्न नसक्दा कहालीलाग्दो हिंसाका घटनाहरू भएका थिए । अहिले यी दुवै एक-अर्कासँग अलग्गिएका छन् ।

घरेलु हिंसालाई प्रायः लैङ्गिक अपराधका रूपमा प्रस्तुत गरिन्छ किनभने यसबाट पीडित हुने महिलाको सङ्ख्या धेरै हुने गरेको छ। नेपाली समुदायमा घरेलु हिंसाको कानुन प्रभावकारी नबनाइएका कारण महिला उत्पीडनमा परेका छन् भने कानुन बलियो भएका विदेशमा चाहिँ सम्बन्धविच्छेदका घटना बढी हुने गरेको देखिन्छ । ‘नेपालमा तत्काल सम्बन्धविच्छेद हुने गरेको छैन, महिलाको आर्थिक, शैक्षिक र सामाजिक सुरक्षाको ग्यारेन्टी नभएका कारण ग्रामीण भेगका महिला पीडित नै हुने गरेका छन् ।’ अधिकारकर्मी चौधरीले भने, ‘त्यसकारण पनि धेरै हिंसाका घटना सार्वजनिक हुन सकेका छैनन् ।’

*(संचारिका लेखमाला)*


मालसामान तथा सेवा खरिद बिक्री गर्दा बिल बिजक लिने दिने सम्बन्धी आन्तरिक राजस्व विभागको

**अत्यन्त जरुरी सूचना**

मूल्य अभिवृद्धि कर ऐन २०५२ बमोजिम वस्तु तथा सेवा बिक्री गर्दा बिक्रेताले क्रेतालाई अनिवार्यरुपमा बिजक दिनुपर्ने र क्रेताले पनि बिजक लिनु पर्ने व्यवस्था रहेको छ । बिजक जारी गरे नगरेको अनुगमन गर्न आन्तरिक राजस्व विभाग तथा मातहत कार्यालयबाट बजारमा कर अधिकृत सहितको टोलीहरु खटाइएको छ । बिक्रेताले बिजक जारी गरेको नपाइएमा वा कारोबार मूल्य भन्दा घटीमा बिजक जारी गरेको पाइएमा मूल्य अभिवृद्धि कर ऐन बमोजिम कर अधिकृतले प्रत्येक पटक रु. ५०००।-(पाँच हजार मात्र) तत्कालै जरिवाना गर्न सक्नेछ । त्यसैले प्रत्येक बिक्रेताले वस्तु वा सेवा बिक्री गर्दा अनिवार्यरुपमा बिजक जारी गर्न हुन र वस्तु तथा सेवा खरीद गर्दा क्रेताले आफूले तिरेको मूल्यको अनिवार्यरुपमा बिजक लिन हुन अनुरोध छ ।

नेपाल सरकार
अर्थ मन्त्रालय
आन्तरिक राजस्व बिभाग



"Centrally Located For Your Convenience"

"JUST SIT BACK & AWAIT THE SAFE ARRIVAL OF YOUR GOODS WITHOUT ANY WORRY"

OUR SERVICE INCLUDES

- Advice on price and reliable manufacture for the purchase of Garments, Carpets. Handicrafts ets.
- Receiving and handling orders and paying manufacturers during your absence
- Collection and careful packing of your goods.
- All paper work, document ation, customs clearance and delivery of goods.to the airport.
- References available wordwide

Ritual Freight P. Ltd.
Thamel, P.O. Box : 10344, Kathmandu, Nepal
Tel : 4251942/4253842, Fax : 977-1-4251842
Email : dilli@rfl.wlink.com.np

# बेलायतमा खाद्यान्न बैंकको सहारा

*म्याट कार- क्ले क्रस*

कठोर अर्थतन्त्रका सामाजिक दूस्परिणामहरू युरोपको दक्षिणी क्षेत्रमा रहेका मुलुकहरूमा सर्वाधिक बढी स्पष्टरूपमा देखिएको छ। बेलायतमा गठबन्धन सरकारले वित्तीय संकटको सामना गर्ने नाममा कल्याणकारी राज्यको अवधारणामा निकै बढी कटौती गरिसकेको छ। यसको असर तीव्ररूपमा देखा पर्न थालेको छ।

नेटमम्सले गरेको सर्भेक्षणले बेलायतका प्रत्येक पाँचमा एकजना आमाले आ'ूले नखाइ नखाइ आ'्ना बच्चालाई खुवाउने गरेको देखाएको छ। हजारौं मानिस आजभोलि आ'ू र आ'्ना परिवारका निम्ति च्यारिटी र आपतकालीन खाद्य बैंकमा निर्भर रहनु परेको छ। बेलायतको सर्वाधिक ठूलो खाद्यान्न बैंक ट्रसेल ट्रस्टले बितेका १२ वर्षमा ३५०,००० जनालाई खाना खुवाएको जनाएको छ। यो संख्या अपेक्षा गरिएभन्दा करिब १००,००० ले बढी हो र गत वर्षको भन्दा १७० प्रतिशतले ज्यादा रहेको ट्रस्टको भनाइ छ।

मानिसहरू खाद्यान्न बैंकमा जानुका धेरै कारणहरू रहेका हुन्छन्। केही मानिस बेरोजगार छन्, अरु कतिपय घरेलु हिंसाका शिकार भएका छन्। केही व्यक्ति चर्को ब्याजमा ऋण दिएर ना'ा कमाउन चाहनेहरूको 'न्दामा परेर ऋणको बोझबाट थलिएका छन्। तर अधिकांश बेरोजगार नै छन्, र उनीहरूले प्राप्त गर्ने भत्ता पनि हटाइएको छ वा काम गर्न नचाहने मगन्तेका रूपमा सरकारले कामबाट बिमुख पारेका व्यक्तिहरू छन्। "यदि मलाई मगन्ते बनाइन्छ भने म मगन्ते नै हो, तर कुनै दिन म जे पनि त गर्न सक्छु ? बाँच्नका निम्ति मैले चोरी डकैती गर्नु पर्ने हो ?"

ट्रसेल ट्रस्टको भनाइमा यी सबै पक्षहरू भोकको महामारी नै हो र यो प्रवृत्ति बेलायतका साना ठूला सबै सहरहरूमा निकै देखा पर्न थालेको छ। उत्तरी पहाडी गाउँ डर्बीसायरको क्ले क्रस ५,००० मानिस बसोबास गर्ने स्थान हो र यो ठाउँ विगतमा बेलायती कोइलाखानी उद्योगको केन्द्र नै थियो। कोइलाखानीका निम्ति चर्चित पूर्व सहर र गाउँहरूजस्तै क्ले कस पनि सन् १९८० को दशकमा स्थानीय भट्टा बन्द गरिएसँगै विभिन्न कठिनाइहरूसँग जुधिरहेको छ। पछिल्ला दिनहरूमा त यहाँको समस्या अझ बढेको छ।

एक दिन साँझ मैले सेन्ट बार्थोलोम्यूको चर्चमा रहेको स्थानीय ट्रसेल ट्रस्टको खाद्यान्न बैंकको भ्रमण गरेको थिएँ। भित्र, अघिल्लो सप्ताहान्तमा दुई दिन टेस्को सुपरमार्केटका पसलेहरूबाट संकलन गरिएका दुई टन खाद्यान्नलाई मिलाउने कार्यमा स्वयमसेवीहरू व्यस्त थिए। यो खाद्यान्न बैंक गत अगस्टमा मात्र खुलेको हो, तर त्यसयता ट्रस्टले १,१४७ जनालाई खाना खुवाइसकेको छ, र यस आसपासको क्षेत्रमा अन्य खाद्यान्न बैंक खोल्ने तरखर गरिरहेको छ।

ट्रस्टका एकजना ग्राहक डेभिड थिए र उनी अहिले ट्रस्टका लागि स्वयमसेवीको काम गरिरहेका छन्। पूर्व ट्याक्सी ड्राइभर डेभिडले १२ वर्षसम्म आ'्नी अशक्त पत्नीको पूर्णकालीन स्याहार गरिरहेका थिए। गत वर्ष पत्नीको मृत्यु भएपछि उनले स्याहार गरेबापत पाउँदै आएको तलब प्राप्त गर्न छाडे र बेरोजगार भत्ता प्राप्त गर्ने आशमा उनको सात हप्तासम्म कमाइ पनि थिएन। उनको भनाइमा त्यस समयमा उनले खाद्यान्न बैंकले उपलब्ध गराएको हाते झोलाको खाद्यान्नको सहारामा बाँच्नु परेको थियो।

भत्ताको भुक्तानी र भत्ताको निकासीमा हुने ढिलाइ नै खाद्यान्न बैंकमा मानिसहरू आउनुको मुख्य कारण हो। खाद्यान्न बैंकमा आउने अधिकांशले आ'ूहरूलाई खाद्यान्न बैंकमा आउनुपर्दा निकै लाज र अपमान अनुभव गर्नुपरेको बताएका छन्। "केही मानिस यताउता गर्छन् र एक्कासी यहाँ आउँछन्," परियोजना संयोजक जेम्स हर्बर्ट भन्छन्। "अरु कतिपय मानिस आ'्नो टाउको छोपेर आउँछन्, थुप्रै मानिस भेला भएको देख्छन् र त्यतिकै 'िर्किन्छन्, र त्यस्ता मानिसलाई हामी यहाँ पुनः देख्दैनौं।"

हर्बर्ट र उनको टोली मानिसमा रहेका यी द्विविधाहरू हटाउन निकै लालायित छ र यहाँ आइपुगेका मानिसलाई स्वागत गर्न इच्छुक छ। उनी यस्ता सेवाहरू चाहिएकामा निकै क्रोधित पनि छन्: "यो निन्दनीय छ। अन्ततोगत्वा, मानिसले आ'ैले लाज मान्नुपर्ने अवस्था छ। परिवारलाई खुवाउन च्यारिटीमा निर्भर रहने परिस्थितिप्रति स्थानीय र राष्ट्रिय सरकारले लाज मान्नुपर्ने हो।"

ट्रस्टको सेवाका अधिकांश प्रयोगकर्ताहरू अन्य च्यारिटी वा सरकारी निकायहरू मा'त सि'ारिस भइआएकाहरू छन्। उपलब्ध गराइने भौचरका आधारमा उनीहरूले तीन वा चारपटक मात्र खाद्यान्न लिन पाउँछन्। वास्तविक नाम अर्कै रहेका बर्नार्ड स्थानीय रोजगार केन्द्रबाट पहिलोपटक सि'ारिस भइआएका एक त्यस्तै व्यक्ति हुन्। ३८ वर्षे बर्नार्डले दुई हप्ता अघिसम्म बेरोजगार भत्ता पाइरहेका थिए, तर स्थानीय रोजगार केन्द्रमा रोजगारीका लागि आवेदन नदिएपछि उनले पाइरहेको भत्ता कटौती गरिएको थियो। बर्नार्डको जोड छ कि उनले रोजगारीको त्यस्तो आग्रह पाएकै थिएनन्, र त्यो निर्णयविरुद्ध अपिल गरेका छन्। त्यो अपिल सही ठहरिए उनले कठिनाइ भत्तास्वरूप हप्ताको २९ पाउन्ड वा पूर्ण राहतस्वरूप ७१ पाउन्ड प्राप्त गर्नेछन्। यदि हारे, उनले अर्को छ हप्तासम्म केही प्राप्त गर्ने छैनन्, र उनी ग्यास, विद्युत् वा खाद्यान्न बेगर बसिरहेका छन्।

मैले उनलाई सरकारले मगन्ते बनाएको हो कि भनी प्रश्न गरेँ। "यदि मलाई सरकारले मगन्ते बनाउँछ भने म हुन तयार छु, तर एक दिन म जे पनि त गर्न सक्छु। म के बाँच्नका निम्ति चोरी गर्न थालौं? एक्काइसौं शताब्दीमा विश्वकै एउटा सर्वाधिक विकसित राष्ट्रका जनता नै खाद्यान्न बैंक धाउनुपर्ने हो भने यो त्यति सही हो र ?"

डर्बीसायर बेरोजगार कामदार केन्द्रका संया ेजक कोलीन ह्याम्पटनको पनि सहमति छः "सन् १९८० को दशकको भन्दा पनि परिस्थिति अहिले खराब भइसकेको छ। मानिसहरू खाद्यान्न माग्दै निकै खराब अवस्थामा हामीसम्म आइरहेका छन्, र हामीले उनीहरूलाई खाद्यान्न बैंकमा पठाइरहेका छौं। मानिसहरू सहयोगका निम्ति तत्पर रहेकामा हामी निकै खुशी छौं, तर हाम्रो सबैभन्दा ठूलो चिन्ता नै हामीले यस प्रवृत्तिको विरोध नगर्दासम्म यो एउटा मान्यताको रूपमा स्थापित हुनेछ। त्यसैले मानिसले यस्तो किन भइरहेको छ भनी प्रश्न गर्नु आवश्यक छ।"

बेलायती प्रधानमन्त्री डेभिड क्यामरुनले ट्रसेल ट्रस्टको कार्यलाई प्रशंसा गरेका छन्, तर खाद्यान्न बैंकहरू सरकारका नीतिहरूको प्रत्यक्ष परिणाम हुन्। यी बैंकहरू जुनसुकै कारणबाट भत्ता नपाइरहेका व्यक्तिका लागि खाद्यान्न पुऱ्याउन स्थापना गरिएका हुन्। लेबर पार्टीका संसद् सदस्य पिटर हेनले हालै मात्र आ'्नो संसदीय क्षेत्रमा बेरोजगारहरूलाई सरकारले आतंकित तुल्याएको आक्षेप लगाएका थिए। उनले मानिसहरूलाई भोकमरीमा रहन र न्यून ज्यालाका काममा संलग्न हुन बाध्य पारेको जनाएका थिए। उन्नाइसौं शताब्दीको गरिब कानुन प्रणालीले एकपटक औद्योगिक क्षेत्रका गरिबप्रति यस्तै किसिमको दण्डनीय र कठोर व्यवहार प्रदर्शन गरेको थियो। आज, विश्वकै सातौं ठूलो अर्थतन्त्रमा जबर्जस्त लादिएको गरिबीको दूस्परिणामको रूपमा भोक देखा परेको छ र गरिबहरू एकपटक पुनः पीडित र दण्डित भएका छन्। यी परिस्थितिहरूमा खाद्यान्न बैंकहरू कानुनी सहायताका निम्ति उपयुक्त विकल्प हुन सक्छन्।

*(आई.पी.एस्. / एन्.पी.आई.)*


## अख्तियार दुरुपयोग अनुसन्धान आयोगको अपिल

सरकारी निकाय तथा सरकारको पूर्ण तथा आंशिक स्वामित्वमा रहेका सार्वजनिक संस्थाहरुमा हुने भ्रष्टाचारजन्य क्रियाकलाप, अनियमितता, ढिलासुस्ती तथा अनिर्णय जस्ता विकृतिहरुको नियन्त्रण गरी देशमा सुशासन कायम गराउने दिशामा अख्तियार दुरुपयोग अनुसन्धान आयोग सदैव क्रियाशील रहेको छ। यी सबै विषयहरु आयोगको एक्लो प्रयासले मात्र सम्भव नहुने हुँदा सरोकारवाला सर्वोग्राही, नागरिक समाज, सञ्चारमाध्यम तथा आम जनसमुदायले त्यस्ता क्रियाकलापहरुका सम्बन्धमा यथार्थपरक सूचना, जानकारी र गुनासाहरु समयमै देहायको ठेगानामा उपलब्ध गराई भ्रष्टाचार नियन्त्रणको आयोगको अभियानमा सहयोग पुऱ्याई दिनु हुन अनुरोध छ। उजुरीको विषय र उजुरीकर्ताको विवरण गोप्य राखिने छ।

**अख्तियार दुरुपयोग अनुसन्धान आयोग**

टङ्गाल, काठमाडौं
टेलिफोन नम्बर : ०१-४४४०१५१, ०१-४४३२७०८
टोल फ्रि नं. १६६००१२२२३३, फ्याक्स : ०१-४४४०१२८
इमेल : akhtiyar@ntc.net.np, वेभसाइट : ciaa.gov.np
मार्फत् वा आयोगमा सिधै सम्पर्क गरी उजुरी गर्न सकिनेछ।


## उद्योग वाणिज्य महासंघको आग्रह

काठमाडौं/ उद्योग वाणिज्य महासंघले अखिल नेपाल क्रान्तिकारी ट्रेड युनियनले न्यूनतम तलब र दैनिक भत्तावृद्धि माग राखी मुलुकभरका उद्योग कलकारखाना बन्द आह्वान गरेकामा फिर्ता लिन आग्रह गरेको छ।

अखिल नेपाल क्रान्तिकारी ट्रेड युनियनले २३ जेठदेखि मुलुकभरका उद्योग कलकारखाना तथा व्यवसाय बन्द गर्ने बताएको छ। श्रमिकको न्यूनतम मासिक तलबका विषयमा सरकारद्वारा गठित रोजगारदाता, ट्रेड युनियन र सरकारका प्रतिनिधि सम्मिलित समितिले सिफारिस गरिसकेकाले उद्योग बन्द नगर्न महासंघले विज्ञप्तिमार्फत अनुरोध गरेको हो।

श्रमिक कामदारका राष्ट्रिय ट्रेड युनियन महासंघका प्रतिनिधिसमेत सहभागी भई न्यूनतम मासिक तलब सिफारिस गरिएको अवस्थामा पुनः न्यूनतम मासिक तलबवृद्धि माग राखी बन्द-हडतालमा उत्रनु तर्कसंगत नहुने महासंघको भनाइ छ।

लामो गृहकार्यपछि सिफारिस गरिएको तलबमानमा सहमत नभई आह्वान गरिएको आन्दोलनले रोजगारदाता र श्रमिक कामदारबीचको सौहार्दपूर्ण वातावरण तथा औद्योगिक शान्तिमा प्रतिकुल प्रभाव पर्ने विज्ञप्तिमा जनाइएको छ।

# लोकतन्त्रलाई धरापमा परे

*डा.विनिता*

लोकतन्त्रमा लोकादेश चल्छ, लोक बलिया हुन्छन्, लोकको सम्मान हुन्छ भन्ने जुन विश्वास थियो, त्यो विश्वास समाप्त भइसकेको छ। बुद्धिजीवीको बुद्धि र राजनीतिज्ञको राजनीति दुवै फेल भइसकेका छन्। अझै पनि नेताहरू लज्जित भएर आफ्ना कुकर्महरू सच्याउन र सुकर्म गर्न अग्रसर देखिदैनन्। लोकतन्त्रमाथि निरन्तर बलात्कार हुँदा पञ्चायत, बहुदल र लोकतन्त्रमा भिन्नता देखिन छाड्को छ तैपनि नेताहरूमा गल्तीबोध भएको देखिन्न। लोकतन्त्रको बिकल्प छैन तर नेतातन्त्रले थिचेको यस्तो लोकतन्त्र कति दिन चल्ने हो, राम-राम। लोकतन्त्र आएपछि समानता हुन्छ, न्याय पाइन्छ, हुने र नहुनेबीचको खाडल कम हुनेछ भन्ने आशा राख्नेहरूका लागि ०६३ साल ०७० सालका बीच कुनै भिन्नता छैन। भिन्नता छ त नेता र तिनका निकटहरू नव-धनाढ्य बनेका छन्, केही नव-सामन्तका रुपमा विकसित भएका छन्। बाँकी केही भएको छैन। हिजोका गरिब आज झन गरिब भएका छन्। बेरोजगारहरू रोजगारीको खोजी गर्दै बिदेशीन बाध्य छन्। नाना, खाना र छानाका लागि हिजो पनि छटपटी थियो, आज पनि छ। पञ्चायत, बहुदल र लोकतन्त्रमा के भिन्नता छ भनेर छुट्याउन सकिने स्थिति छैन। तात्वीक अन्तर देखिन्न।

पञ्चायतकालमा नाना, खाना र छानाको समस्या थियो। राजा वीरेन्द्रले सन २०१५ सम्ममा प्रत्येक नेपालीको आधारभूत आवश्यकता परिपूर्ति गर्ने रणनीति निर्माण गरेका थिए। २०४६ सालको बहुदलीय राजनीतिको प्रादुर्भाव र त्यसपछिको शासनव्यवस्थाले राजाको सपनालाई बोक्ने कुरै थिएन, बोकेन। आफ्नो समाजलाई लागू गर्ने दायित्व निर्वाहसमेत गरेन। ९ महिने मनमोहन अधिकारीको शासन थियो, त्यो शासनकालले पनि जनताको आधारभूत आवश्यकतातिर ध्यान दिएन। १२ वर्षे कुशासन व्याप्त देखियो। राजनीतिक खिचातानीले मुलुक योजनाबद्ध रुपमा अगाडि बढ्न सकेन। त्यसपछि दरबार हत्याकाण्ड भयो। दरबार हत्याकाण्डले देशलाई ठूलै धक्का दियो, ठूलै दशा लाग्यो। अराजकता, अस्थिरता र अशान्तिको लाभ अरुले नै उठाए। शाही शासनकाललाई गलत रुपमा प्रचार गरियो र त्यो शासनकालले गरेका स-साना गल्ती, कमजोरी आगोको फिल्काको काम गर्‍यो, देशमा जनआन्दोलनको डढेलो सल्क्यो, अनि सुरु भयो माओवादीको हालीमुहालीका दिन।

०६४ सालको चैत २८ को संविधानसभाको निर्वाचन र त्यसपछिका ५ वर्षले जनताको आधारभूत आवश्यकता परिपूर्ति गर्ने ठोस नीति ल्याउने छ र राष्ट्रिय नीति यही आधारमा बन्नेछ भन्ने धेरैको अपेक्षा थियो। नयाँ नेपालको नारा लगाएका पार्टीहरूले जनतालाई हेर्नेछन्, जनताका हरएक आवश्यकता पूरा गर्नेछन् भन्ने आशा सबैमा थियो। तर, ६ वर्ष व्यर्थमा गयो, जेठ १५ गते मनाइएको लोकतन्त्र दिवसमा जनसहभागितासमेत जनाएनन्। लोकतन्त्र दिवस भनेको सत्तामा बस्नेहरूको दिवसका रुपमा सिमित हुनपुग्यो। यो कस्तो लोकतन्त्र हो, जुन दिवसका दिन लोक कतै देखिएनन्?

लोकको हिजो जुन समस्या थियो- नाना, खाना र छानाको। आज पनि लोक त्यही समस्याबाट पीडित छन्। अझ सुरक्षाको समस्या थपिएको छ। एकजना पनि सामान्य नागरिक आज सुरक्षित देखिदैन। कुनबेला के हुन्छ, घरबाट निस्किएको व्यक्ति घर फर्किन्छ कि फर्कदैन भन्ने चिन्ता सबैमा देखिन्छ। लोक राज्यबाट पीडित छन्, आपराधिक व्यक्ति र समूहबाट पीडित छन्, राजनीतिक पार्टीका कार्यकर्ता र राज्यका सञ्जाल सञ्चालन गर्नेहरूबाट समेत पीडित छन्। एउटा नागरिकले घूस नख्वाइकन राज्यको सेवा पाउन सक्ने स्थिति छैन। राजनीतिक संरक्षणमा अपराध र भ्रष्टाचार बढेकाले लोकका नाना, खाना, छाना र सुरक्षाको समस्या झन झन बिकराल बन्दै गएको छ। लोकतन्त्रको आवरणमा राज्य आतंक, आपराधिक त्रासदी मानौं राजनीतिक परिवर्तनमा साथ दिएर लोकले आफैमाथि ठूलो अन्याय गरेका छन्। यस्तो नहुनु पर्ने हो, परिवर्तनको लाभ लोकले पाउनु पर्ने हो, नेताहरूमा नैतिकता नभएकाले लोक मूल्य चुकाउन बाध्य पारिएका छन्।

लोक हिजोको व्यवस्थामा शोषित थिए, लोकले आज पनि न्यायको अनुभूति गर्न पाएनन्। बिधिको शासन नहुँदा लोक सडकमा छन्, असरल्ल छन्, कुपोषित छन्, रोगी छन्, भोका, नाङ्गा र छानाबिहीन छन्। यी गरीव, शोषित, पीडित जनताका लागि लोकतन्त्र ढाल भएर उभिनु पर्ने हो, राहत भएर आउनु पर्ने हो, न्याय भएर सन्तुष्टि दिनुपर्ने हो। नेता त खुशी छन्, यी जनताका लागि सरकार कहाँ छ, लोकतन्त्र के गरिरहेको छ?

आम नागरिकको डाहा र छटपटीमा मलम भएर आउन नसक्ने लोकतन्त्र के लोकतन्त्र? नेतामात्र मोटाउने र जनताले अझ टाक्सिनु र मर्माहत हुनुपर्ने लोकतन्त्र के लोकतन्त्र? कसैका लागि खातैखात र गरिबका लागि पुर्पुरोमा हात गर्नुपर्ने लोकतन्त्र के लोकतन्त्र? लोकतन्त्र न एकछाक भएर आयो, न उपचार अथवा एकसरो लुगा भएर आयो, न घामपानीबाट जोगिनका लागि छाना भएर आयो। लोकतन्त्र जनआन्दोलनबाट आयो, लोकतन्त्रलाई नेताहरूले बन्दी बनाए, लोकका लागि लोकतन्त्र आउन सकेन। लोकतन्त्र जनताको जीवनपद्धति भएर बाँच्नेतिर उन्मुख छैन। लोक मरे मरिरहुन्, नेताहरू लोकतन्त्रलाई रखैल बनाएर राख्न उद्दत छन्। अब पनि जनता नजागे, लोकतन्त्रको औचित्य रहन सक्दैन। लोकतन्त्र बचाउने हो भने लोक- जागते रहो। लोक जागेमात्र लोकतन्त्र पद्धति बन्नसक्छ।

# आइआरटी टोलीद्वारा घाइतेको उद्धार

सर्लाही। सर्लाही जिल्लाको ईश्वरपुर १ स्थित राजमार्गमा रोकि राखेको ना.३ ख ५७९७ नम्बरको ट्रकमा एउटा बस ठोकिएर दुर्घटना हुँदा बसमा सवार ३५ वर्षिय प्रविण सेनको दुर्घटनास्थलमै मृत्यु भएको छ भने अन्य ६ जना यात्रुहरू घाइते भएका छन्।

रोकि राखेको उक्त ट्रकमा काठमाडौंबाट गाइघाटतर्फ जाँदै गरेको ना.३ ख ५६२७ नम्बरको बस ठोकिएर भएको उक्त दुर्घटनाबारे जानकारी पाउनासाथै सशस्त्र प्रहरी बल सुरक्षा बेस सागरनाथबाट इमिडियट रेस्पोन्स टीम (आइआरटी) तत्कालै घटनास्थलमा खटिएको थियो। सशस्त्र प्रहरी बलको आइआरटीले घाइतेहरू ६ जनालाई तत्काल उपचारको लागि सर्लाही लालबन्दीस्थित मोडेल अस्पतालमा पुर्‍याएको छ। घाइतेहरूको अवस्था चिन्ताजनक रहेको बताइएको छ। सो दुर्घटनास्थलमा उद्धार कार्यका लागि सशस्त्र प्रहरी बलको टोलीसँगै स्थानीय प्रहरी समेत खटिएको थियो।

त्यसैगरी कैलाली जिल्लाको धनगढी नगरपालिका २ ईटाभट्टाबाट एपीएफ टोलीले जेष्ठ १९ गते बेलुका करीब दुई लाख २६ हजार रुपैयाँ बराबरको चोरीपैठारीको टायर बरामद गरेको छ। सशस्त्र प्रहरी बल सीमा सुरक्षा कार्यालयबाट खटिएको एपीएफ टोलीले उक्त चोरीपैठारीको सामान बरामद गरेको हो।

वेवारिसे अवस्थामा रहेको विभिन्न साईजका १८ वटा टायर गस्तीमा रहेको एपीएफ टोलीले फेला पारेपछि बरामद गरिएको हो। बरामद टायर आवश्यक कारवाहीको लागि स्थानीय भन्सार कार्यालयमा बुझाएको छ।

यसैगरी सशस्त्र प्रहरी बल सुरक्षा बेस शनिश्चरे झापाबाट खटिएको एपीएफ टोलीले जेष्ठ १९ गते झापा जिल्लाको दुवागढी १ चारआलीबाट करीब २८ हजार रुपैयाँ बराबरको चोरीपैठारीको किराना सामान बरामद गरेको छ। एपीएफ टोलीले सवारी साधनमा जाँच गर्ने क्रममा अवैध रुपले भन्सार छली ल्याउँदै गरेको अवस्थामा उल्लेखित मूल्य बराबरको किराना सामान फेला पारेपछि बरामद गरिएको हो।

बरामद किराना सामान एपीएफ टोलीले आवश्यक कारवाहीको लागि मेची भन्सार कार्यालय काँकडभिट्टामा बुझाएको छ।

## एनबी बैंकको सहयोग

काठमाडौं/ नेपाल बंगलादेश (एनबी) बैंकले १९औं वार्षिकोत्सव अवसर पारी नक्सालस्थित बालमन्दिरका बालबालिकाका लागि एक लाख रुपैयाँबराबरका खाद्य सामग्री सहयोग गरेको छ।

बैंकको संस्थागत सामाजिक उत्तरदायित्वअन्तर्गत वितरण गरिएका खाद्यसामग्रीमा चामल, दाल, चिउरा, आलु, चाउचाउ, दालमोठ, ल्याक्टोजिन दूध, सर्वोत्तम पिठो रहेका छन्। खाद्य सामग्री बैंकका प्रमुख कार्यकारी अधिकृत ज्ञानेन्द्रप्रसाद ढुंगानाले बालमन्दिरका अध्यक्ष श्रीमती रीतासिंह वैद्यलाई हस्तान्तरण गरेका थिए।

## बैंक अफ एसियाको सहयोग

काठमाडौं/ बैंक अफ एसियाले विकलांग सेवा समाज, कालिमाटीलाई २ थान 'हिवल चियर' र २० थान 'ब्लाइन्ड स्टिक्स' सहयोगस्वरूप उपलब्ध गराएको छ। 'सँगै प्रगति गरौं' भनी अघि बढेको बैंकले संस्थागत सामाजिक उत्तरदायित्वअन्तर्गत नेपाल टुरिजम बोर्ड, काठमाडौंमा आयोजित विशेष कार्यक्रममा कार्यक्रमस्थलमा उपस्थित असहायलाई ती साम्रगी उपलब्ध गराएको बैंकले सोमबार जारी विज्ञप्तिमा उल्लेख छ।

## इन्भेस्टमेन्टको दमैलीमा शाखारहित बैंकिङ

काठमाडौं/ नेपाल इन्भेस्टमेन्ट बैंक लिमिटेडले तनहुँ जिल्लाको बन्दीपुर गाविस, डुम्रे बजारमा आइतबार आफ्नो तेस्रो शाखारहित बैंकिङ सेवा सुरु गरेको छ। यस्तो सेवा नेपालका ७५ जिल्लामै उपलब्ध गराउने उद्देश्य भएको बैंकले सोमबार जारी विज्ञप्तिमा उल्लेख गरेको छ। यस सेवाअन्तर्गत त्यस क्षेत्रका जनताले बैंकको अत्याधुनिक 'रिटेल बैंकिङ' सुविधा पाउने बैंकका दमौली शाखा प्रबन्धक महेश थापाले जानकारी दिए।

बैंकले नयाँनयाँ आधुनिक प्रविधि प्रयोग गरी जनताको घर दैलोमै सेवा दिने लक्ष्यअनुरूप उक्त सेवा सुरु गरेको हो। जसअन्तर्गत हाल खाता खोल्न, रकम झिक्न, राख्न, बिल भुक्तानीलगायतको सुविधा उपलब्ध हुनेछ। यो सेवा अभिकर्ताको माध्यमबाट सञ्चालन हुन्छ। नेपाल इन्भेस्टमेन्ट बैंक लिमिटेड नेपालको एक मात्र ४ पटकसम्म 'बैंक अफ द इयर' पाएको बैंक भएको जनाइएको छ।

## लक्ष्मी बैंकको शून्य ब्याजदरमा बाइसाइकल लोन

काठमाडौं/ लक्ष्मी बैंकले बाइसाइकल लोन स्किम सञ्चालनमा ल्याएको छ। बैंकले शून्य ब्याजदरमा व्यक्तिगत बाइसकल लोन सेवा सुरु गरेको हो। बैंकले अन्तर्राष्ट्रिय ब्रान्डका माउन्टेन बाइक खरिदमा समेत शून्य ब्याजदरमा १ वर्षे अवधिका लागि लोन उपलब्ध गराउनेछ।

बैंकले लोनबाट खरिद गरिएका बाइसाइकलले वातावरण स्वच्छ राखी साइकलमा चढ्न सर्वसाधारणलाई प्रोत्साहित गर्न सक्ने विश्वास लिएको छ। बैंकले 'वन अकाउन्ट वन ट्री' अभियान सफल बनाउन ग्रिन सेभिङ अकाउन्ट सेवा सुरु गरेको छ।

## सगरमाथा मर्चेन्टको छात्रवृत्ति

काठमाडौं/ सगरमाथा मर्चेन्ट बैंकिङ एन्ड फाइनान्सले प्रत्येक वर्ष प्रदान गर्दै आएको छात्रवृत्तिअन्तर्गत ०६८ को प्रवेशिका परीक्षामा सम्मिलित भई सोलुखुम्बूका सामुदायिक विद्यालयमध्येबाट सर्वोत्कृष्ट अंक ल्याउने जनकल्याण उच्चमावि जुबु, सोलुखुम्बूका छात्र सविन वन र बिपी कोइराला संस्कृत मावि सल्यान-सोलुखुम्बूकी छात्रा कञ्चन बास्तोलालाई जनही १० हजार रुपैयाँ छात्रवृत्ति र सम्मानपत्र प्रदान गरेको छ। संस्थागत सामाजिक उत्तरदायित्वअन्तर्गत वितरण गरिएको छात्रवृत्ति कम्पनी सञ्चालक माओकिरात राईले हस्तान्तरण गरेका थिए। छात्रवृत्ति कार्यक्रमको मुख्य अतिथि प्रमुख जिल्ला अधिकारी थिए।

## हाम्रो विकास पाँचौं वर्षमा

काठमाडौं/ नुवाकोटमा मुख्य कार्यालय रहेको हाम्रो विकास बैंक पाँचौं वर्ष प्रवेश गरेको छ। पाँचौं वार्षिकोत्सव अवसरमा बैंकले आगामी तीन साताभित्र सर्वसाधारणका लागि छुट्याएको ३० प्रतिशत अर्थात १ लाख ८० हजार ७ सय कित्ता सेयर बिक्री गर्ने जानकारी दिएको छ। बैंकले चालू आवको वैशाखसम्म ८७ लाख सञ्चालन मुनाफा आर्जन गरेको छ। बैंकका हाल ४ शाखा रहेकामा सामगरीमा छिट्टै एक्सटेन्सन शाखा खोल्ने तयारी गरेको जनाएको छ।

## फेवाका कर्मचारीलाई बैंकिङ तालिम

कास्की/ पोखराको चिप्लेढुंगामा प्रधानकार्यालय रहेको फेवा फाइनान्स लिमिटेडले आफ्ना कर्मचारीलाई एकदिने इन हाउस बैंकिङ तालिम प्रदान गरेको छ। तालिममा बैंकिङ जोखिम न्यूनीकरण, कर्मचारीको दक्षता अभिवृद्धिसँगै बैंकिङ क्षेत्रसँग सम्बन्धित विविध पक्षबारे केन्द्रित रहेर तालिम दिइएको फाइनान्सका प्रमुख कार्यकारी अधिकृत रेशमबहादुर थापाले जानकारी दिए। तालिममा सहभागीलाई प्रमुख कार्यकारी अधिकृत थापा, नायब महाप्रबन्धक तारानाथ लम्साल र सम्बन्धित विभागीय प्रमुखले प्रशिक्षण दिएका थिए।

### दश लाख...

स्वदेशमा उद्योग-धन्दा फस्टाहोस् भन्ने हो । तर लोकतन्त्र आएपछि विदेशमा धन थुपार्ने क्रम बढ्दै गएको छ । उद्योगधन्दा, व्यवसाय बन्द हुँदै गएका छन् । अब विदेशमा लागनी गर्ने ढोका खोलिदिएपछि नेपालको अर्थतन्त्र अझ कहाली लाग्दो अवस्थामा पुग्ने छ ।

### पाँच पैसेदेखि...

आर्थिक रुपमा कमजोर पार्दै चुनावमा राजनीतिक शक्तिको स्रोत आफूमात्रै बन्ने प्रचण्ड-वैद्यको षड्यन्त्र हो यो । यो षड्यन्त्र चिर्न सकिएन भने निर्वाचनमा लडाकु वाईसिएल र पैसाको बलमा प्रचण्डले भने झैं 'दुई तिहाई' सिट उनीहरुकै कब्जामा पुग्ने छ । हेर्नु यत्ति छ, चन्दा आतंकलाई कांग्रेस-एमालेले कसरी रोक्ने छन् । रोक्ने खिलराज सरकार तमासे बनिरहेको छ ।

मंसिरमा चुनाव हुन्छ भन्ने निश्चित छैन । किनभने चुनावको वातावरण नै बनेको छैन । थ्रेस होल्ड राख्ने कि नराख्ने, संसदको संख्यामा समेत अझै विवाद उठिरहेको छ । खासगरी नेकपा-माओवादीले पार्टी दर्ता नगर्दा चुनाव हुने विश्वास कसैलाई छैन । त्यसमाथि एमाओवादीका प्रचण्ड एउटै कम्युनिष्ट केन्द्र बनाउने र उत्पादन ब्रिगेडलाई 'डरलाग्दो' स्वरुप दिन जुटेका छन् । यसका लागि समेत प्रचण्डसम्मले मच्चाएको चन्दा आतंक राजनीतिक वर्गमा ठूलो काण्डका रुपमा चर्चित छ ।

### भारतीय चोसबोर्डका...

भारतीय पक्षले यसपटक झण्डै १५ करोड लागतको अध्यागमन व्यवस्थापन, मानवस्रोत, तालिम, नेटवर्किङलगायतको प्याकेजमा सहयोग गर्ने प्रस्ताव गरेको छ । भारतले आईकाओको स्तरमा त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलको स्तरोन्नती गरिदिने प्रस्तावमा सोझै नेपालले स्वीकार गर्ने हिम्मत गरेन । तर राजनीतिक संयन्त्रसँग सम्पर्क गरेर छिटो जवाफ दिने अवाश्वासन भारतीय पक्षलाई दिएको छ । अर्थात् अन्ततोगत्वा त्रिभुवन विमानस्थालको सम्पूर्ण व्यवस्थापन भारतले हत्याउन नसकेपनि आफूलाई चाहिएको नियन्त्रन र सूचना प्रविधिको लगाम हत्याउन करिब करिब सफल भएको छ भारत ।

स्रोतका अनुसार खिलराज रेग्मीलाई मन्त्रिपरिषद् अध्यक्ष बनाउने डिजाइन न्यायाधीशहरुको बनारस बैठकमै भएको र त्यसको केही महिनापछि प्रचण्ड मार्फत् त्यो रणनीति लागु गर्न भारत सफल भएको बताइन्छ । यसो हो भने राजनीतिक स्तरमा गर्न अप्ठेरो पर्ने विषयहरु भारतले खिलराज मार्फत् कानुनी रुपमा अभिष्ट पुरा गर्नेतिर अग्रसर भएको देखिन्छ । के खिलराज भारतीय चेसबोर्डका नयाँ मोहरा 'प्यादा' नै हुन् त ?

### त्रिशुली-३...

विद्युत् माफियाहरूको स्वार्थपूर्तिका लागि विद्युत प्राधिकरण सञ्चालक समितिले त्यही निर्णयलाई समर्थन जनाउनु अर्को राष्ट्रघात हो । नेपालमै पहिलो पटक आयोजनाको लागत र समय बढाउन नपाइने नगरी इपिसी मोडलमा चिनियाँ कम्पनी चाइना गेजुवा ग्रुप कम्पनीसँग ठेक्का सम्झौता भइ करिब ४० प्रतिशत काम सम्पन्न भइसकेको अवस्थामा क्षमता परिवर्तन गर्नु र समयसीमा बढाउनु अनि ४ अर्ब रुपैयाँ थप्ने निर्णय गर्नु आर्थिक चलखेल बाहेक अन्य केही हुन सक्दैन । यसरी समयमै कार्य सम्पन्न गर्न ठेकेदार कम्पनीले असम्भव देखेपछि उसैको दबाबमा सयमसीमा थप्ने, क्षमता बढाउने र रकम थपिदिने निर्णय नेपाल र नेपाली जनताको हितमा देखिँदैन ।

विद्युत् प्राधिकरणका कार्मचारीहरूले सञ्चालक समितिले गरेको निर्णय नसच्याएसम्म आन्दोलनमा उत्रने भन्दै पाँच मध्येका चार कर्मचारी संगठनहरू कामकाज ठप्प पारेर आन्दोलनमा उत्रिएपछि सञ्चालक समितिलाई उक्त निर्णय सच्चाउन दबाब परेको प्राधिकरण शुत्रले जनाएको छ । २०१४ मा सम्पन्न हुनुपर्ने आयोजनाको म्याद २ वर्ष ३ महिना थपेर ६० मेगावाटको आयोजनाको म्याद दुई वर्ष ढिला हुँदा ९ करोड युनिट अर्थात् मुलुकलाई ८ अर्ब नोक्सानी गराउने कार्यमा सञ्चालक समिति किन उद्दत रह्यो ? अख्तियार दुरुपयोग अनुसन्धान आयोगको आँखा यसतर्फ लाग्छ कि ? प्राधिकरणका एक कर्मचारीले भने ।

### निर्वाचन...

आफ्नो पार्टीको कार्यदिशा जनयुद्धको जगमा जनविद्रोह भएको उल्लेख गर्दै नहुने निर्वाचनका लागि पार्टी निर्वाचन आयोगमा दर्ता नभएको प्रष्ट पारेका छन् । आफ्नो पार्टी निर्वाचन विरोधी नभएको प्रष्ट पार्दै अध्यक्ष वैद्यले अन्तरिम चुनावी मन्त्रिपरिषद् विघटन र प्रमुख चार दल नेपाली कांग्रेस, नेकपा एमाले, एमाओवादी र मधेशी मोर्चाबीच भएको सहमति खारेज नभएसम्म निर्वाचनमा भाग नलिने पुरानो अडानमा आफ्नो पार्टी अडिग रहेको बताएका छन् ।

अहिलेको अवस्थामा निर्वाचन हुनै नसक्ने उल्लेख गर्दै आफ्नो पार्टीले अघि सारेका मागहरू सम्बोधन भएको खण्डमा आफ्नो पार्टीलगायत ३३ वटै दल निर्वाचनमा भाग लिने बताउँदै ३३ दल निर्वाचन विरोधी नभएको प्रष्ट पारेका छन् । हामीलाई चार दलले निर्वाचन विरोधी, संविधानसभा विरोधी बनाउँदै छन्, त्यो केवल आरोप मात्र हो । गत शनिबार आफ्नो पार्टी कार्यालय बुद्धनगरमा उनले यस्तो विचार प्रकट गरेका हुन् ।

वर्तमान अवस्थामा चुनावी सरकारका अध्यक्ष खिलराज रेग्मीले निर्वाचन गराउनै नसक्ने ठोकुवा गर्दै वैद्यले सर्वदलीय र सर्वपक्षीय गोलमेच सम्मेलन गरी संविधान बनाउने बारेमा हामीले आफ्ना माग राखेका छौं, ति माग पुरा नभएसम्म जनविद्रोह, आन्दोलन गरिरहने वैद्यको कथन थियो । नेकपा-माओवादीलगायतका ३३ दलले निर्वाचनमा सहभागिता नजनाउने बताउँदै विदेशीको इशारामा हुन लागेको संविधानसभाको निर्वाचनले समस्याको समाधान गर्न नसक्ने र जबर्जस्ती निर्वाचन गराउन खोजे रक्तपात हुने चेतावनी पनि वैद्यले दिएका छन् ।

### दलहरुको...

निर्णय एमाओवादीले आफ्नो महाधिवेशनबाट पारित गराएर त्यो निर्णयमा अन्य दललाई सहमत गराउन सफल भएको थियो । तर पछिल्लो पटक पहिला अर्थात २०६९ फागुन ३० गते भएको सहमतिलाई एमाओवादीले नै अस्वीकार गरेपछि कांग्रेस र एमालेले पहिलाको सहमतिविरुद्ध रेग्मीले प्रधानन्यायाधीशबाट राजिनामा दिनुपर्ने शर्त अगाडि सारेपछि दलहरू र रेग्मी सरकारबीचको दुरी अझ बढ्न सक्ने संकेतहरू देखिन थालेको छ । पहिला नै अर्थात् फागुन ३० गते संविधानसभाको संख्या ४९१ राख्ने, थ्रेस होल्डको व्यवस्था गर्ने, उम्मेदवारको सम्पत्ति विवरण सार्वजनिक गर्ने र फौजदारी अभियोग लागेका व्यक्तिहरू निर्वाचनमा उठ्न नपाउने जस्ता विषयमा चार दल सहमत भएका थिए । तर सहमतिको मसी सुक्न नपाउँदै एमाओवादीले त्यसलाई उल्टाउने रणनीति लिएको हुनाले चुनावी वातावरण नै बिग्रिएको छ । चुनावी वातावरण त्यतिले मात्र बिग्रिएको छैन, एमाओवादीका अध्यक्ष पुष्पकमल दाहालले आफू नेपालको एक मात्र शक्तिकेन्द्र भएको उद्घोष गरेपछि कांग्रेस र एमाले तर्सिएका छन् ।

राजतन्त्रको अन्त्य भएपछि जनताले विश्वास गर्न सक्ने कुनै सर्वैधानिक केन्द्र नै भएन । राष्ट्रपतिले संविधानको पालक र संरक्षकको भूमिका निभाउन नसकेका हुनाले दाहालले आफूलाई मात्र शक्ति केन्द्र भएको भन्दै विदेशीहरूलाई त्यसैको प्रभाव पार्ने कार्यमा उद्दत भएका हुनाले चुनावी वातावरण अझ बिग्रिएको छ । निर्वाचनको लागि सबै राजनीतिक दलहरूलाई पैसाको आवश्यकता पर्छ । पछिल्लो समयमा एमाओवादीले मुलुकभित्रका उद्योगपति, व्यपारीहरूसँग ठूलो रकम चन्दा माग गरेर अन्य दलहरूको मुहान सुकाउन खोजेपछि कांग्रेस र एमाले तर्सिएका हुन् । निर्वाचन प्रयोजनकै लागि दाहाल भारत र चीनको भ्रमणमा गएर आफूलाई सहयोग गर्न आग्रह गरेका थिए । निर्वाचनको सम्बन्धमा भारत र चीनले दाहाललाई बेलाएर निर्वाचनको वातावरण बिगारेको आशंका कांग्रेस, एमालेले गरेका छन् । नेपालमा रहेका विदेशी नियोगहरूले समेत दाहालको गतिवधिलाई नियाल्न थालेका हुनाले अब मंसिरमा होइन, अर्को मंसिरमा पनि निर्वाचन हुन सक्ने सम्भावना देखिएको छैन । चुनावको लागि सहयोग गर्न नेपाल आएका दातृ निकायहरू पनि दलहरूको भूमिका देखेर आश्चर्यमा पर्न थालेका छन् ।

### कमलरी...

राष्ट्रिय मानवअधिकार आयोग, मानवअधिकार तथा शान्ति समाज, ओरेक नेपाल, महिला संघ, सञ्चारिका समूह, राष्ट्रिय जनमोर्चा, एमाओवादी, नेपाल कम्युनिष्ट पार्टीहरू कमलरी आन्दोलनमा ऐक्यबद्धता जनाउँदै उनीहरू माथि भएको निर्घात दमनको तीव्र विरोध जनाएका छन् ।

कतै कमलरीको हत्या भएको छ, कतै मालिकबाटै कमलरीको यौन शोषण भएको छ । कमलरी विना बाउका सन्तानका आमा बनेका छन् । कतिपय कमलरी वेपत्ता पारिएका छन् । कमलरी प्रथाको मुक्ति र कमलरीको हक-अधिकार स्थापित होस्, कमलरीको माग यही हो । न्याय माग्दा प्रधानन्यायाधीश खिलराज रेग्मी दमन गर्छन् । यी कस्ता न्यायाधीश हुन् ?

### कांग्रेस नै...

माओवादीसहित मधेशी जनअधिकार फोरम नेपाललगायतका अन्य दलहरूले रेग्मीले प्रधानन्यायाधीशबाट राजिनामा दिएको खण्डमा आफूहरू निर्वाचनमा सहभागी हुने बताएको भन्दै राजिनामा दिनुपर्ने शर्त अगाडि सारेका हुन् । सभापति कोइरालाले उच्चस्तरीय राजनीतिक संयन्त्रको बैठकमा समेत रेग्मीले प्रधानन्यायाधीशबाट राजिनामा दिनुपर्ने कुरा उठाएपछि चार राजनीतिक दलभित्रै ध्रुविकरण बढेको छ । वरिष्ठ नेता शेरबहादुर देउवा र उपसभपाति पौडेलले भने रेग्मीले राजिनामा दिँदा आउँदो मंसिरमा पनि निर्वाचन हुन नसक्ने अवस्था सिर्जना हुने भएको हुनाले राजिनामाको कुरा उठाउन नहुने तर्क अगाडि सारेका छन् ।

नेपाली कांग्रेसका दोस्रो तहका नेताहरू भने सभापति कोइरालाको भनाईलाई समर्थन गरिरहेका छन् । यसअघि नै रेग्मीले प्रधानन्यायाधीशबाट राजिनामा दिनुपर्ने चार बुँदे लिखित प्रस्ताव गोपालमान श्रेष्ठ, पूर्णबहादुर खड्का, अर्जुननरसिंह केसी, शेखर कोइराला, गगन थापालगायतका २२ केन्द्रीय सदस्यले केन्द्रीय समितिको बैठकमा निवेदन दर्ता गराइसकेका भए पनि त्यसमाथि कुनै छलफल र बहस भएको छैन । रेग्मीको राजिनामाका पक्षमा रहेका केन्द्रीय सदस्यहरूले सभापति कोइरालालाई भेटेर छिटो केन्द्रीय समितिको बैठक डाक्न समेत आग्रह गरिसकेको भएपनि सभापति कोइरालाले बैठक बोलाउन आलटाल गरिरहेको एक केन्द्रीय सदस्यले बताएका छन् । गत शनिबार पार्टीका शीर्ष तीन नेताबीच पनि सभापति कोइराला निवासमा सामान्य छलफल भएको र सभपाति कोइरालाले अन्य पार्टीलाई निर्वाचनमा सहभागी गराउन पनि रेग्मीले प्रधानन्यायाधीशबाट राजिनामा दिनुपर्ने तर्क अघि सारेका थिए । सोही अवसरमा सभापति कोइरालाले नेकपा-माओवादीसहित ३३ दलले निर्वाचनमा भाग नलिएको खण्डमा निर्वाचन नै हुन नसक्ने बताउँदै अन्य नेताहरूलाई राजिनामाकै पक्षमा अडिग रहन आग्रह गरेको स्रोतको दाबी रहेको छ । वरिष्ठ नेता देउवा र उपभापति पौडेलले भने फागुन ३० गतेको ११ बुँदे सहमति विपरितका सार्वजनिक अभिव्यक्ति नदिन सभापतिलाई आग्रह गरेका थिए ।

एक केन्द्रीय सदस्यका अनुसार सभापति कोइरालाले पूर्व सहमति अनुसार संविधानभसाको सदस्य संख्या ४९१ राखिनु पर्ने, थ्रेस होल्ड राखिनु पर्ने र फौजदारी अभियोग लागेका व्यक्तिले ६ वर्षसम्म निर्वाचनमा भाग लिन नपाउने निर्वाचन आयोगको प्रस्तावप्रति कांग्रेस अडिक रहनु पर्ने भएकाले त्यसैअनुसार अगाडि बढ्न देउवा र पौडेललाई आग्रह गरेका थिए । यसरी चार दलले गरेको सहमतिमा पनि यिनै चार दल र आ-आफ्नो दलभित्रै विवाद सिर्जना भएको हुनाले रेग्मी सरकार नै संकटमा फसेको हुनाले मंसिरमा निर्वाचन हुने कुरामा विश्वास गर्न सकिने अवस्था छैन ।

## सांग्रिला क्यासिनोमा आगलागी

काठमाडौं/ विद्युत् सर्ट हुँदा लाजिम्पाटस्थित सांग्रिला क्यासिनोमा आगलागी भएको छ । तर, २५ मिनेटभित्रै आगलागी नियन्त्रणमा आएकाले ठूलो क्षति भने हुन पाएन । क्यासिनोका स्टोर कोठानजिकैबाट आगलागी सुरु भएको थियो । आगो अन्य कोठामा फैलने क्रममा दमकलसहित प्रहरी, सेना, सशस्त्र प्रहरीलगायतका निकायले नियन्त्रणमा लिएका थिए । नियन्त्रणका क्रममा क्यासिनो रहेको भवनका सम्पूर्ण झ्याल तथा छत तोडफोड भएका छन् । आगलागीमा करिब चार करोडबराबरको क्षति भएको क्यासिनो व्यवस्थापनको अनुमान छ ।

आगलागीका कारण होटल तथा क्यासिनोमा एकछिन भागदौड मच्चिएको थियो । 'हामीले सबै कोठासमेत खाली गर्न थालिसकेका थियौं,' सांग्रिला होटलका सञ्चालक प्रसिद्धबहादुर पाण्डेले भने, 'तर छिटै आगो नियन्त्रणमा आएकाले क्षति हुन पाएन ।' क्यासिनो रहेको भवनको दोस्रो तलाबाट आगो सल्किएपछि भागाभाग मच्चिएको थियो । कतिपय व्यक्ति झ्याल फुटाएरसमेत बाहिर निस्किएका थिए ।

क्यासिनोमा आगलागी भएपछि दुई ग्राहक लिफ्टमा नै अड्किएका थिए । प्रहरीले लिफ्टको सिसा फुटाएर उनीहरूलाई उद्धार गरेको थियो । दुई साताअघि ठमेलको फेसेस लाउन्ज बारमा लागेको आगो समयमै नियन्त्रण हुन नसक्दा करोडौंको क्षति भएको थियो । सो आगो नियन्त्रण गर्न १० घन्टाभन्दा बढी समय लागेको थियो ।

सारा नेपाली मिलेर अन्याय, अत्याचारको विरुद्धमा लड्नु पर्छ र यस्तो अन्याय, अत्याचारबाट मुक्त हुनुपर्छ । यही नैं समयको माग हो ।

नेपाल सरकार
सूचना तथा सञ्चार मन्त्रालय
सूचना विभाग

सम्पादक/प्रकाशक : देवेन्द्र चुडाल, कार्यालय : बुद्धनगर, फोन : ४७८०२९५ मो. : ९८४१२५४८८५, काठमाडौं, कानूनी सल्लाहकार : त्रिलोकबहादुर चन्द, मो.९८४१२५९६९९, बजार व्यवस्थापक : गोकुल दुलाल (९८४९७८४४५५) मुद्रण : सुनगाभा प्रिन्टिङ प्रेस, बागबजार